CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र संस्कृत विश्वविद्यालय

(एक संक्षिप्त परिचय)

शिक्षा - 02

म.सं.वि.

केन्द्रीय कार्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र संस्कृत विश्वविद्यालय

(एक संक्षिप्त परिचय)

म.सं.वि.

केन्द्रीय कार्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक :

महेन्द्र संस्कृत विश्वविद्यालय
केन्द्रीय कार्यालय,
बेलभुण्डी, दाङ ।

प्रथम संस्करण
वि.सं. २०४९

मुद्रित संख्या:- ३०००,
मुद्रक:
विशाल प्रिण्टर्स प्रा.लि.
कुपण्डोल, काठमाडौं
फोन : ५२१९३४

मूल्य रु. १०।-

ACC 28422/ 24588

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्री ५ वीरेन्द्र वीर विक्रम शाह देव

कुलपति, महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूची

१.	विश्वविद्यालयको स्थापना	१
२.	स्थापनाको उद्देश्य	२
३.	पढाई हुने तह, प्रदान गरिने प्रमाणपत्र एवं उपाधिहरु	३
४.	पढाइ हुने विषय एवं पाठ्यभार	६
५.	विश्वविद्यालय सम्बन्धी केही ज्ञातव्य कुराहरु	११
६.	विषय-चयन	१३
७.	विश्वविद्यालयका प्रमुख निकायहरु	२०
८.	केन्द्रीय-कार्यालय	२४
९.	विभिन्न समिति एवं विभागहरु	२५
१०.	शैक्षिक र प्रशासनिक पदहरु	२९
११.	विश्वविद्यालयद्वारा संचालित अतिरिक्त कार्यक्रमहरु	२९
१२.	पदक र पुरस्कारहरु	३०
१३.	विश्वविद्यालयका लक्ष्य र योजनाहरु	३२
१४.	विश्वविद्यालय अन्तर्गतका विद्यापीठहरु	३४
	क) विश्वविद्यालय विद्यापीठ	३४
	ख) वाल्मीकि विद्यापीठ	३४
	ग) पिण्डेश्वर विद्यापीठ	३५
	घ) जनता विद्यापीठ	३५
	ङ) याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ	३६
	च) रुरु संस्कृत विद्यापीठ	३६
	छ) हजारी जनक विद्यापीठ	३६
	ज) शारदा विद्यापीठ	३७
परिशिष्ट - १	नेपालमा संस्कृत शिक्षा	३८
परिशिष्ट - २	विश्वविद्यालयका शिक्षक तथा कर्मचारी दरवन्दीहरु	४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. विश्वविद्यालयको स्थापना

अमरभारती वा देववाणीको नामद्वारा संस्कृत भाषाले प्राचीनकालदेखि नै हाम्रो समाजमा आदरपूर्ण स्थान ग्रहण गर्दै आइरहेको छ । विश्वका प्राचीन एवं समृद्धतम भाषाहरुमध्ये एक विशिष्ट भाषाको रुपमा रहेको यस भाषामा गौरवशाली वाङ्मयको अमूल्य एवं असीम भण्डार रहेको छ र यसले यस क्षेत्रको ठूलो भूभागमा लामो समयदेखि ज्ञान, विज्ञान र प्रविधिहरुको संवाहकको रुपमा काम गर्दै आइरहेको छ । यसै कारण यस भाषालाई र यसमा रहेका साहित्य र ज्ञान-विज्ञानलाई समेत आज पनि संसारभर नै आदरसाथ अध्ययन गर्ने प्रचलन रहेको पाइन्छ ।

नेपाली जनजीवनमा पनि संस्कृत-शिक्षाको व्यापक प्रभाव रहदै आएको छ । हाम्रा मूल्य र मान्यताहरु, चिन्तन र विचारहरु एवं आचार र व्यवहारहरु सबै संस्कृत-शिक्षामा नै आधारित छन् । हाम्रो समाजमा ज्यादै लामो समयदेखि पर्दै आएको संस्कृत-शिक्षाको यसै प्रभावले गर्दा नेपालका प्रायः सबै जात-जातिका परम्परागत धर्म, दर्शन, कलाकौशल, शिल्प, वास्तु, चाडपर्व र ज्ञान-विज्ञान आदि जीवनपद्धतिका सम्पूर्ण मूलभूत कुराहरु संस्कृत-शिक्षासंग नै आबद्ध भएर रहदै आएका पाइन्छन् । यसैले संस्कृत-शिक्षाको अभावमा हामीले नेपालमा आफ्नोपनको संरक्षण गर्नु संभव देखिदैन । यस्तै यस क्षेत्रका विभिन्न जात-जातिका जनताको भाषा र साहित्यको क्षेत्रमा संस्कृत-शिक्षाले पुऱ्याउदै आएको योगदानलाई पनि सहजरुपमा बिर्सन सकिदैन ।

उपर्युक्त वस्तु तथ्यको आधारमा नेपालमा संस्कृत-शिक्षाको महत्त्वपूर्ण स्थान रहदै आएको, यसको विकास र विस्तारमा नेपालका विद्वान्, एवं साधकहरुले विशिष्ट योगदान दिदै आएको र यस राष्ट्रप्रति सम्पूर्ण हिन्दू जगत्को श्रद्धा र आस्था रहदै आएकोले प्रत्येक सचेत एवं प्रबुद्ध नेपाली नागरिकहरुमा संस्कृत-शिक्षाप्रति ममता रहदै आएको थियो । यसैले यस शिक्षाको विकास र विस्तारको निमित्त यसलाई साधारण उच्चशिक्षा अन्तर्गत राख्नुभन्दा यसको निमित्त छुट्टै विश्वविद्यालयको व्यवस्था गरी त्यसै विश्वविद्यालय अन्तर्गत संस्कृत-शिक्षाको अध्ययन-अध्यापन र अनुसन्धानका कार्यक्रमहरु संचालन गराउनु उपयुक्त देखि यसतर्फ चिन्तन प्रारम्भ भएर जनस्तरबाट पनि आवाजहरु उठ्न शुरु भएका थिए । तर विभिन्न कारण र परिस्थितिले गर्दा यो जनइच्छा साकार हुन सकिरहेको थिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै सन्दर्भमा वि.सं. २०२४ मा दाङमा एउटा ऐतिहासिक अन्तरराष्ट्रिय विद्वन् सम्मेलनको पनि आयोजना भएको थियो । यस सम्मेलनमा नेपाल र भारतका संस्कृतका मूर्धन्य विद्वान्हरुले भाग लिएका थिए । यसै सम्मेलनको भावना-अनुरुप संस्कृत-विश्वविद्यालयको स्थापनाको निमित्त पूर्वावश्यक अध्ययन गर्न भनी श्री ५ को सरकारले एउटा आयोजक समिति पनि गठन गरेको थियो । तर वि.सं. २०३० मा "संस्कृत अध्ययन संस्थान" को नामले त्रि. वि. अन्तर्गत छुट्टै अध्ययन संस्थानको स्थापना हुंदा संस्कृत-विश्वविद्यालयको स्थापनामा एक किसिमले विलम्ब नै देखा पर्न थालिसकेको थियो ।

तर संस्कृत शिक्षा प्रेमीहरुको उत्साहमा भने शैथिल्य आइसकेको थिएन । फलस्वरुप वि.सं. २०३९ मा गठित शाही उच्च शिक्षा आयोगले आफ्नो प्रतिवेदन प्रस्तुत गर्दा त्यसमा जनइच्छा र राष्ट्रिय आवश्यकता अनुरुप नेपालमा संस्कृत-शिक्षाको निमित्त छुट्टै विश्वविद्यालयको आवश्यकता र औचित्यलाई स्पष्ट रुपमा इङ्गित गरेकोले यसैको प्रतिफलको रुपमा २०४३ मार्ग २५ गतेमा "महेन्द्र संस्कृत-विश्वविद्यालय ऐन-२०४३" जारी भई पौष २७ गते पदाधिकारीहरुको नियुक्ति भएर नेपालमा यस विश्वविद्यालयको स्थापना हुन आएको हो ।

२. स्थापनाको उद्देश्य

नेपाल अधिराज्यमा संस्कृत-शिक्षालाई उच्चतम तहसम्म सुव्यवस्थित गर्ने र संस्कृत-शिक्षाबाट नेपाली समाजका विविध क्षेत्रले प्राप्त गर्दै आएका विशेष उपलब्धिहरुलाई समयानुसार आवश्यक संरक्षण र संवर्द्धन गर्दै जाने लक्ष्यअनुसार यस विश्वविद्यालयको स्थापना भएको हो । परम्परागत धर्म, मूल्य एवं मान्यता, सदाचार र सच्चरित्रताको परिपालना गर्दै नेपाल अधिराज्यलाई संस्कृत-विद्याको ज्ञान र प्रेरणा प्राप्त गर्ने अध्ययन-केन्द्रको रुपमा विकास गर्नु पनि विश्वविद्यालय स्थापनाको थप उद्देश्य रहेको छ ।

उपर्युक्त उद्देश्यअनुसार नेपाल अधिराज्यमा अतिप्राचीन समयदेखि नै राजसंस्थाबाट प्राप्त हुदै आएको संस्कृत-विद्याको गौरवमय संरक्षणको प्रतीकस्वरुप स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाहदेवको पुण्यस्मृतिमा यस विश्वविद्यालयको स्थापना भएको हो । म.सं.वि.ऐन-२०४३ अनुसार संस्कृतमा उच्चशिक्षाको संचालनको निमित्त "महेन्द्र संस्कृत-विश्वविद्यालय" को नामले अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्थाको रुपमा यस विश्वविद्यालयको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थापनाा हुन आएको छ । यस विश्वविद्यालयको केन्द्रीय कार्यालय दाङ जिल्लामा तोकिएको छ र काठमाडौंको वसन्तपुरमा पनि यसको सम्पर्क-कार्यालय रहदै आएको छ ।

३. पढाइ हुने तह, प्रदान गरिने प्रमाणपत्र एवं उपाधिहरु

यस विश्वविद्यालयमा निम्नाङ्कित चार तहका शिक्षण कार्यक्रमहरु संचालित रहेका र उक्त तहहरुमा प्रवेशको निमित्त निम्नानुसार न्यूनतम योग्यता निर्धारण गरिएका छन् -

(क) उत्तरमध्यमा (प्रमाण-पत्र)

मान्यताप्राप्त शिक्षण-संस्थाहरुबाट पूर्वमध्यमा, एस.एल.सी. वा तत्समकक्ष-परीक्षा, उत्तीर्ण गरेका छात्र-छात्राहरु यस तहमा प्रवेश पाउनको निमित्त योग्य मानिन्छन् । तर चार महिनाको संस्कृत भाषा-प्रशिक्षणको विशेष कार्यक्रम पूरा गरेमा साधारण माध्यमिक विद्यालयहरुबाट प्रवेशिका वा समकक्ष-परीक्षा उत्तीर्ण गरेका छात्र-छात्राहरुले पनि यस तहमा सीमित विषयहरुमा प्रवेश पाउन सक्तछन् ।

यो तह दुई वर्षमा पूरा हुन्छ र दुबै वर्षको वार्षिक परीक्षामा सफल भएका छात्र-छात्राहरुलाई यो तह उत्तीर्ण भएको प्रमाणपत्र प्रदान गरिन्छ ।

तहगत उद्देश्यहरु

१- परम्परागत सांस्कृतिक आदर्श एवं नैतिक मर्यादाद्वारा अनुप्राणित, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा काम गर्न सक्ने मध्यमस्तरीय जनशक्तिको उत्पादन गर्नु ।

२- संस्कृत वाङ्मयमा गौरवपूर्ण स्थान ग्रहण गर्दै आएका विभिन्न शास्त्रीय विषयहरुको आधारभूत सामान्य ज्ञान हासिल भएको जनशक्तिको उत्पादन गर्नु ।

३- संस्कृत भाषामा लेखन, पठनपाठन र वार्तालाप गर्न सक्ने सामर्थ्यको विकास गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४- शुद्ध एवं परिस्कृत रुपमा राष्ट्रभाषा नेपालीको लेखन र पठनपाठन गर्ने सामर्थ्यको विकास गर्नु।

५- विभिन्न कार्यालय, शिक्षणसंस्था एवं अन्य निकायहरुमा निपुणतापूर्वक काम गर्न सक्ने मध्यमस्तरीय जनशक्तिको उत्पादन गर्नु।

(ख) शास्त्री (स्नातक)

म.सं.वि. वा यसबाट मान्यताप्राप्त विश्वविद्यालयहरुबाट उत्तरमध्यमा परीक्षा उत्तीर्ण गरेका छात्र-छात्राहरु यस तहमा प्रवेश पाउनको निमित्त योग्य मानिन्छन्। तर उत्तरमध्यमाको समकक्ष परीक्षामा संस्कृत विषय लिई उत्तीर्ण गरेका मान्यताप्राप्त अन्य विश्वविद्यालयका छात्र-छात्राहरु पनि केही निर्धारित ऐच्छिक 'क' वर्गीय विषयहरुमा यस तहमा प्रवेश पाउन सक्दछन्।

यो तह पनि दुई वर्षमा पूरा हुन्छ र दुवै वर्षको वार्षिक-परीक्षामा सफल भएका छात्र-छात्राहरुलाई शास्त्री उपाधिको प्रमाणपत्र प्रदान गरिने व्यवस्था रहेको छ।

तहगत उद्देश्यहरु-

१- परम्परागत सांस्कृतिक आदर्श एवं नैतिक-मर्यादाद्वारा अनुप्राणित, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा काम गर्न सक्ने उच्चस्तरीय जनशक्तिको उत्पादन गर्नु।

२- वेद, वेदाङ्ग, दर्शन, साहित्य आदि विभिन्न शास्त्रीय विषयहरुको ज्ञान हासिल गरेको उच्चस्तरीय जनशक्तिको उत्पादन गर्नु।

३- स्नातकोत्तर तहमा अध्ययन अध्यापन हुने गम्भीर शास्त्रीय विषयहरुको अध्ययन गर्न सक्ने सामर्थ्यको विकास गर्नु।

४- शुद्ध एवं परिष्कृत रुपमा राष्ट्रभाषा नेपालीको लेखन र पठनपाठन गर्ने सामर्थ्यको विकास गर्नु।

५- विभिन्न कार्यालय, शिक्षणसंस्था एवं अन्य निकायहरुमा निपुणतापूर्वक काम गर्न सक्ने उच्चस्तरीय जनशक्तिको उत्पादन र विकास गर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) आचार्य (स्नातकोत्तर)

म.सं.वि. वा यसबाट मान्यताप्राप्त अन्य विश्वविद्यालयबाट शास्त्री तहको परीक्षा उत्तीर्ण गरेका छात्र-छात्राहरु यस तहमा प्रवेशको निमित्त योग्य मानिन्छन् । तर शास्त्री तहको समकक्ष-परीक्षामा संस्कृत विषय लिई उत्तीर्ण भएका मान्यताप्राप्त अन्य विश्वविद्यालयका छात्र-छात्राहरु पनि केही निर्धारित ऐच्छिक 'क' वर्गीय विषयहरुमा यस तहमा प्रवेश पाउन सक्तछन् ।

यो तह तीन वर्षमा पूरा हुन्छ र पढाई पूरा गरी तीनै वर्षको वार्षिक परीक्षामा सफल भएका छात्र-छात्राहरुलाई आचार्य उपाधिको प्रमाणपत्र प्रदान गरिन्छ ।

तहगत उद्देश्यहरु

१- परम्परागत सांस्कृतिक आदर्श एवं नैतिक मर्यादाद्वारा अनुप्राणित सामाजिक तथा सांस्कृतिक क्षेत्रमा काम गर्न सक्ने आधिकारिक सक्षम जनशक्तिको उत्पादन गर्नु ।

२- वेद, वेदाङ्ग, दर्शन, साहित्य आदि विभिन्न शास्त्रीय विषयहरुको ज्ञान हासिल गरेको उच्चस्तरीय जनशक्तिको उत्पादन गर्नु ।

३- विभिन्न शास्त्रीय विषयहरुको प्राध्यापन र शोध-अनुसन्धान आदि कार्यहरु गर्न सक्ने आधिकारिक सक्षम जनशक्तिको उत्पादन गर्नु ।

(घ) विद्यावारिधि (पीएच.डी.)

उच्चअध्ययनको क्षेत्रमा शोध-अध्ययन सम्बन्धी दुई वर्षे कार्यक्रम अन्तर्गत यो तह संचालित रहेको छ । म.सं.वि. वा यसबाट मान्यताप्राप्त शिक्षण-संस्थाहरुबाट सम्बद्ध विषयमा आचार्य वा तत्समकक्ष-परीक्षा उत्तीर्ण गरेका छात्र-छात्राहरु यस तहमा प्रवेश पाउनको निमित्त योग्य मानिन्छन् । यस कार्यक्रम अन्तर्गत शोध-अध्ययन गर्ने छात्र-छात्राहरुले निश्चित निर्देशक एवं विशेषज्ञहरुको अधीनमा रही शोधकार्य गर्नु पर्दछ र शोध-अध्ययन पूरा भएपछि सो सम्बन्धी आफ्नो शोधपत्र प्रस्तुत गर्नु पर्ने हुन्छ । यसरी प्राप्त हुने शोधपत्रको मूल्याङ्कन गराउंदा स्वीकार्य ठहरिएमा शोधकर्तालाई वाक्परीक्षाको निमित्त आमन्त्रण गरिन्छ र यस परीक्षाबाट समेत योग्य ठहरिएमा शोधकर्ता विद्यावारिधि (पीएच.डी.) उपाधि-प्राप्तिको निमित्त योग्य मानिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ङ) मानार्थ महाविद्यावारिधि (डी.लिट्)

विश्वविद्यालयमा हाल यस तहको अनुसन्धान कार्यक्रम संचालित छैन तापनि आफ्नो क्षेत्रमा विशिष्ट योग्यता एवं विशेष योगदान भएका स्वदेशी तथा विदेशी विशिष्ट विद्वान्हरुलाई विश्वविद्यालयले 'महाविद्यावारिधि' को मानार्थ उपाधि पनि प्रदान गर्न सक्दछ ।

दीक्षान्त समारोह

विश्वविद्यालयद्वारा प्रदान गरिने सम्पूर्ण उपाधिहरु नियमित रुपमा दीक्षान्त-समारोहका अवसरमा प्रदान गरिन्छन् । तर "मानार्थ महाविद्यावारिधि" भने विशेष दीक्षान्त -समारोहमा पनि प्रदान गर्न सकिन्छ ।

४. विश्वविद्यालयमा पढाइ हुने विषय एवं पाठ्यभारहरु

संस्कृतको उच्चशिक्षा आज निकै परिष्कृत भैसकेको छ । यसको पाठ्यक्रममा शास्त्री तहसम्म अंग्रेजीलाई साधारण शिक्षाको समानस्तरको पाठ्यक्रम अनुसार अनिवार्य राखिएको छ र अर्थशास्त्र, राजनीतिशास्त्र, अंग्रेजी र गणित आदि आधुनिक विषयहरु पनि ऐच्छिक 'ख' वर्गीय विषयको रुपमा समावेश गरिएका छन् । यसबाट संस्कृत-शिक्षा र साधारण-शिक्षाको गुणस्तरमा खास अन्तर रहेको छैन; संस्कृत भाषा, साहित्य र विषयहरुको निमित्त केही थप पाठ्यभार दिई संस्कृतका शास्त्रीय विषयहरुको समेत अध्ययन-अध्यापन गराउने व्यवस्था गरिएको हुंदा संस्कृत-शिक्षाका उत्पादनहरु विशेष दक्ष नै मानिन्छन् ।

उपर्युक्त व्यवस्थाबाट संस्कृत-शिक्षाका उत्पादनहरु साधारण-शिक्षाका समानस्तरका उत्पादनहरुसंग सजिलैसंग प्रतिस्पर्धा गर्न सक्छन् । श्री ५ को सरकार, लोक सेवा आयोग र स्वदेशी तथा विदेशी अन्य विश्वविद्यालयहरुबाट पनि यस विश्वविद्यालयका प्रमाणपत्र र परीक्षाहरुलाई समानस्तरको मान्यता प्राप्त छ ।

विश्वविद्यालय यतिले मात्र सन्तुष्ट छैन । समयको प्रवाहअनुसार संसारमा शिक्षाको क्षेत्रमा आज नयां-नयां प्रविधिहरुको विकास हुदै आइरहेको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र ज्ञान र विज्ञानका क्षेत्रमा पनि नयां-नयां आलोकहरु उद्घाटित हुदै आइरहेका छन् । यस्ता चिन्तन र प्रविधिहरुलाई पनि क्रमशः पाठ्यक्रममा समावेश गर्दै लगेर संस्कृत-शिक्षालाई अझै व्यवहारोपयोगी र समयानुकूल बनाउनु आजको आवश्यकता हुन आएको छ । यस दिशातर्फ पनि विश्वविद्यालय सचेत र सचेष्ट रहदै आएको छ ।

विश्वविद्यालयमा हाल निम्नाङ्कित तहमा निम्नानुसार पाठ्यविषय र पाठ्यभारहरु निर्धारित छन् ।

उत्तरमध्यमा

यस तहमा ११०० पूर्णाङ्कका १२ पत्रहरु निर्धारित छन् । क्षेत्रगत एवं विषयगत आधारमा यिनलाई तल उल्लेख गरिएअनुसार पाठ्यभार कायम गरी अध्ययन अध्यापन गराइने व्यवस्था गरिएको छ -

		पूर्णाङ्क
(क)	**अनिवार्य विषयहरु**	
१-	अनिवार्य नेपाली	१००
२-	अनिवार्य अंग्रेजीवैकल्पिक संस्कृतरचना	२००
३-	अनिवार्य व्याकरण । न्याय	१००
४-	अनिवार्य संस्कृत	१५०
५-	नेपाल-परिचय	५०

(ख) **ऐच्छिक 'क' वर्गीय विषयहरु**
(निम्नाङ्कित विषयहरुमध्ये कुनै एक) - ३००

अ-	शुक्लयजुर्वेद	आ-	नव्यव्याकरण
इ-	ज्योतिष	ई-	न्याय
उ-	साहित्य	ऊ-	इतिहासपुराण

(ग) **ऐच्छिक 'ख' वर्गीय विषयहरु**
(निम्नाङ्कित विषयहरुमध्ये कुनै एक)-२००

अ-	राजनीतिशास्त्र	आ-	अर्थशास्त्र
इ-	गणित	ई-	नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ- हिन्दी ऊ- मैथिली

ए- अंग्रेजी

उपर्युक्त विषय र पाठ्यभारहरु खण्डगत आधारमा निम्नानुसार अङ्कभारमा विभक्त रहेका छन् ।

प्रथमखण्ड		पूर्णाङ्क
१-	अनिवार्य नेपाली	१००
२-	अनिवार्य अंग्रेजी । वैकल्पिक संस्कृतरचना	१००
३-	अनिवार्य व्याकरण । न्याय	१००
४-	अनिवार्य संस्कृत	१००
५-	ऐच्छिक 'क' वर्गीय विषय (प्रथमपत्र)	१००
६-	ऐच्छिक 'ख' वर्गीय विषय (प्रथमपत्र)	१००
		६००

द्वितीयखण्ड		पूर्णाङ्क
१-	अनिवार्य अंग्रेजी । वैकल्पिक संस्कृतरचना	१००
२-	नेपाल-परिचय	५०
३-	अनिवार्य संस्कृत	५०
४-	ऐच्छिक 'क' वर्गीय विषय (द्वितीयपत्र)	१००
५-	ऐच्छिक 'क' वर्गीय विषय (तृतीयपत्र)	१००
६-	ऐच्छिक 'ख' वर्गीय विषय (द्वितीयपत्र)	१००
		५००

शास्त्री

यस तहमा ११०० पूर्णाङ्कका ११ पत्रहरु निर्धारित छन् । यिनलाई क्षेत्रगत एवं विषयगत आधारमा निम्नानुसार अध्ययन-अध्यापन गराइने व्यवस्था रहेको छः-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) अनिवार्य-विषयहरु पूर्णाङ्क

१-	अनिवार्य नेपाली	१००
२-	अनिवार्य अंग्रेजी । वैकल्पिक संस्कृतरचना	२००
३-	अनिवार्य संस्कृत	१००

(ख) 'क' वर्गीय विषयहरु

(निम्नाङ्कित विषयहरुमध्ये कुनै एक) - ४००

१-	शुक्लयजुर्वेद	२-	नव्यव्याकरण
३-	सिद्धान्तज्यौतिष	४-	नव्यन्याय
५-	प्राचीनन्याय	६-	साहित्य
७-	इतिहासपुराण	८-	पूर्वमीमांसा
९-	शाङ्करवेदान्त	१०-	धर्मशास्त्र
११-	सर्वदर्शन	१२-	*फलितज्यौतिष
१३-	तन्त्र	१४-	*रामानुज वेदान्त
१५-	*बौद्धदर्शन		

(ग) 'ख' वर्गीय विषयहरु

(निम्नाङ्कित विषयहरुमध्ये कुनै एक) -३००

१-	राजनीतिशास्त्र	२-	अर्थशास्त्र
३-	गणित	४-	नेपाली
५-	हिन्दी	६-	मैथिली
७-	अंग्रेजी		

उपर्युक्त विषय र पाठ्यभारहरुलाई खण्डगत आधारमा निम्नानुसार अङ्कभारमा विभक्त गरिएको छ -

---

* चिन्हाङ्कित विषयहरुको पाठ्यक्रम स्वीकृत छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथमखण्ड		पूर्णाङ्क
१-	अनिवार्य नेपाली	१००
२-	अनिवार्य अंग्रेजी । वैकल्पिक संस्कृतरचना (प्रथमपत्र)	१००
३-	ऐच्छिक 'क' वर्गीय विषय (प्रथमपत्र)	१००
४-	ऐच्छिक 'क' वर्गीय विषय (द्वितीयपत्र)	१००
५-	ऐच्छिक 'ख' वर्गीय विषय (प्रथमपत्र)	१००
६-	ऐच्छिक 'ख' वर्गीय विषय (द्वितीयपत्र)	१००
		६००

द्वितीयखण्ड		पूर्णाङ्क
१-	अनिवार्य अंग्रेजी । वैकल्पिक संस्कृतरचना (द्वितीयपत्र)	१००
२-	अनिवार्य संस्कृत	१००
३-	ऐच्छिक 'क' वर्गीय विषय (तृतीयपत्र)	१००
४-	ऐच्छिक 'क' वर्गीय विषय (चतुर्थपत्र)	१००
५-	ऐच्छिक 'ख' वर्गीय विषय (तृतीयपत्र)	१००
		५००

आचार्य

यस तहमा १३०० पूर्णाङ्का जम्मा १३ पत्रहरु निर्धारण गरिएका छन् । यसमध्ये प्रत्येक खण्डमा १०० पूर्णाङ्का चार पत्रहरु र तहपार गर्न १०० पूर्णाङ्को "राष्ट्रिय विकास सेवा" पनि पूरा गर्नु अनिवार्य मानिएको छ । हाल विश्वविद्यालयमा निम्नाङ्कित विषयहरुमा आचार्य तहका कक्षाहरु संचालित छन् -

१-	शुक्लयजुर्वेद	२-	नव्यव्याकरण
३-	सिद्धान्तज्योतिष	४-	नव्यन्याय
५-	प्राचीन-न्याय वैशेषिक	६-	साहित्य
७-	इतिहासपुराण	८-	पूर्वमीमांसा
९-	शाङ्करवेदान्त	१०-	धर्मशास्त्र
११-	सर्वदर्शन	१२-	*फलितज्योतिष
१३-	*रामानुज वेदान्त		

ACC 26422 124588

---

* चिन्हाङ्कित विषयहरुको पाठ्यक्रम स्वीकृत छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यावारिधि

सामान्यतया म.सं.वि.मा अध्ययन अध्यापन हुने संस्कृत वाङ्मयमा आधारित विषय र क्षेत्रहरुमा मात्र अनुसन्धान कार्यहरु संचालित गर्ने विश्वविद्यालयको नीति रहेको छ । तर म.सं.वि. मा अध्ययन अध्यापन नहुने भए पनि अनुसन्धानकेन्द्रको दृष्टिमा उपयुक्त देखिएमा शोधार्थीहरुलाई संस्कृत वाङ्मयमा आधारित जुनसुकै विषय र क्षेत्रमा पनि अनुसन्धान-कार्यको निमित्त अनुमति प्रदान गर्न सकिने व्यवस्था रहेको छ ।

५. विश्वविद्यालय सम्बन्धी केही ज्ञातव्य कुराहरु

नाम दर्ता

विश्वविद्यालयमा प्रवेश गर्दा तोकिएकाअनुसारको विश्वविद्यालय दर्ता शुल्क बुझाई विद्यार्थीहरुले आफ्नो नाम विश्वविद्यालयमा अनिवार्य रुपमा दर्ता गराउनु पर्दछ ।

नाम दर्ता गराउंदा लाग्ने शुल्कहरु

विश्वविद्यालयमा अध्ययन गर्ने सम्पूर्ण छात्र-छात्राहरुलाई सबै तहमा निःशुल्क अध्ययन गर्ने सुविधा उपलब्ध हुदै आएको छ । तर प्रत्येक खण्डमा प्रवेश गर्दा भने छात्र-छात्राहरुले तोकिएका शुल्कहरु बुझाउनु पर्ने व्यवस्था गरिएको छ । प्रवेश गर्दा हाल प्रत्येक खण्डको निमित्त निम्नानुसार शुल्क लाग्ने व्यवस्था रहेको छ -

विद्यापीठ प्रवेश शुल्क	१५।-
पुस्तकालय तथा वाचनालय-शुल्क	१५।-
खेलकूद शुल्क	१५।-
परिचयपत्र-शुल्क	५।-
छात्रकल्याण-शुल्क	१०।-
यूनियन शुल्क	१०।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तकालय धरौटी

उत्तरमध्यमा तहको निमित्त	१००।-
शास्त्री तहको निमित्त	१५०।-
आचार्य तहको निमित्त	२००।-
विद्यावारिधि (पीएच.डी.) तहको निमित्त	३००।-

पाठ्यांश दर्ता

विश्वविद्यालयमा अध्ययन गर्न चाहने छात्र-छात्राहरुले आफूले अध्ययन गर्न चाहेका विषयहरु तोकिएको समयभित्रै नियमानुसार दर्ता गराउनु पर्दछ ।

प्रव्रजन प्रमाणपत्र (माइग्रेशन सर्टिफिकेट)

मान्यताप्राप्त अन्य विश्वविद्यलय वा शिक्षण-संस्थाहरुबाट अध्ययन पूरा गरी यस विश्वविद्यालयमा प्रवेश चाहने छात्र-छात्राहरुले आफूले अध्ययन पूरा गरेको शिक्षण संस्थाबाट प्राप्त प्रव्रजन प्रमाणपत्र विश्वविद्यालयमा अनिवार्य-रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

विद्यार्थीहरुको निमित्त विशेष सुविधा

विश्वविद्यालय अन्तर्गत वाल्मीकि विद्यापीठ एवं याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठमा अध्ययन गर्ने केही छात्रहरुलाई भोजनवृत्तिको साथै आवासको समेत सुविधा उपलब्ध गराउँदै आइएको छ । यस्तै विश्वविद्यालय अन्तर्गतका विभिन्न विद्यापीठहरुमा अध्ययन गर्ने प्रतिभाशाली छात्र-छात्राहरुलाई प्रोत्साहन एवं राहत स्वरुप तोकिएको कोटाको आधारमा केही छात्रवृत्ति रकम पनि उपलब्ध गराइदै आइएको छ । यो छात्रवृत्ति रकम हाल उत्तरमध्यमा एवं शास्त्री तहको निमित्त मासिक रु.४५०।- र आचार्य तहको निमित्त रु. ५००।- तोकिएको छ । पिण्डेश्वर विद्यापीठ धरान, याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ महोत्तरी, जनता विद्यापीठ दाङ र विश्वविद्यालय विद्यापीठ बेलभुण्डीमा अध्ययन गर्ने छात्रहरुको निमित्त छात्रावासको सुविधा समेत उपलब्ध रहेको छ ।

विशेष छात्रवृत्ति

पिछडिएका वर्गका विद्यार्थीहरुको निमित्त प्रत्येक विद्यापीठमा पाँच-पाँच छात्रवृत्तिहरु सुरक्षित राखिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेदभाव नगरिने

यस विश्वविद्यालयमा जात, जाति, वर्ण र लिङ्गको आधारमा कुनै भेदभाव रहेको छैन ।

शिक्षण र परीक्षाको माध्यम

प्राज्ञिक-परिषद्ले अन्यथा निर्णय गरेकोमा बाहेक विश्वविद्यालयमा शिक्षण र परीक्षणको माध्यम संस्कृत भाषा नै रहने व्यवस्था रहेको छ । गणित, अर्थशास्त्र र राजनीतिशास्त्र जस्ता सामाजिक विषयहरुको राष्ट्रभाषा नेपाली वा अन्तर्राष्ट्रिय भाषा अंग्रेजीको माध्यमबाट पनि शिक्षण तथा परीक्षण गर्न सकिने प्रावधान रहेको छ । तर अनिवार्य तथा 'ख' वर्गीय क्षेत्रमा रहेका भाषा र साहित्य विषयहरुको अध्ययन-अध्यापन एवं परीक्षण भने सम्बद्ध भाषाको माध्यमबाट मात्र गरिने व्यवस्था रहेको छ ।

६. विषय चयन

विद्यार्थीहरुलाई निम्नाङ्कित तहहरुमा निम्नानुसार विषयहरु चयन गर्ने सुविधा उपलब्ध रहेको छ :-

उत्तरमध्यमा तह

क) जुन ऐच्छिक 'क' वर्गीय (मूल) विषय लिई पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरिएको छ, उत्तरमध्यमा तहमा पनि त्यही नै 'क' वर्गीय विषय लिई अध्ययन गर्नु पर्दछ ।

ख) संस्कृत विषय लिई पूर्वमध्यमाको समकक्ष परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरुले 'क' वर्गीय विषयको रुपमा इतिहासपुराण वा साहित्य वा ज्यौतिष विषयको मात्र अध्ययन गर्नु पर्दछ ।

ग) विश्वविद्यालयद्वारा स्वीकृत जुनसुकै 'ख' वर्गीय विषय पनि विद्यार्थीहरुले स्वेच्छया अध्ययन गर्न पाउने छन् । तर गणित तथा अंग्रेजी विषयहरुको अध्ययनको निमित्त भने माध्यमिक तहमा उक्त विषयहरु अनिवार्य रुपमा उत्तीर्ण भएको हुनु पर्नेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घ) पूर्वमध्यमा वा तत्समकक्ष तहमा अंग्रेजी विषय लिई परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरुलाई उत्तरमध्यमा तहमा अंग्रेजी विषय अनिवार्य विषयको रुपमा अध्ययन गर्न अनुमति प्राप्त रहेको छ ।

ङ) अंग्रेजी विषयलाई अनिवार्य विषयको रुपमा पढ्न अनुमति नपाउने छात्रछात्राहरुले वैकल्पिक-संस्कृतरचनाको अध्ययन गर्नु पर्नेछ ।

शास्त्री तह

क) जुन ऐच्छिक 'क' वर्गीय विषय लिई उत्तरमध्यमा तह उत्तीर्ण गरेको छ, शास्त्री तहमा पनि त्यही नै 'क' वर्गीय विषय अध्ययन गर्नु पर्नेछ ।

ख) संस्कृत बिषय लिई उत्तरमध्यमा तहको समकक्ष परीक्षा (आइ.ए. प्रमाणपत्र वा इण्टरमिडियट एक्जामिनेशन) उत्तीर्ण भएका विद्यार्थीहरुलाई शास्त्री तहमा 'क' वर्गीय विषयको रुपमा इतिहासपुराण र धर्मशास्त्र विषयमा मात्र अध्ययन गर्न अनुमति प्राप्त रहेको छ ।

ग) उत्तरमध्यमा तहमा आफूले अध्ययन गरेको ऐच्छिक विषयलाई परिवर्तन गरी शास्त्री तहमा विषयान्तरमा अध्ययन गर्न चाहने छात्र-छात्राहरुलाई तल उल्लेख गरिए अनुसारसम्मका विषयहरुमा विषय-परिवर्तन गर्ने अनुमति प्राप्त रहेको छ :-

अ) शुक्लयजुर्वेद, न्याय, व्याकरण र ज्यौतिष बाहेक अन्य ऐच्छिक 'क' वर्गीय विषयहरु लिई उत्तरमध्यमा तहको परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरुले शास्त्री तहमा उक्त ऐच्छिक 'क' वर्गीय विषयहरु बाहेक विश्वविद्यालयमा अध्ययन अध्यापन हुने अन्य जुनसुकै 'क' वर्गीय विषयमा पनि प्रवेश पाउन सक्दछन् ।

आ) 'क' वर्गीय विषय अन्तर्गतका शुक्लयजुर्वेद, व्याकरण, न्याय र ज्यौतिष विषय लिई उत्तरमध्यमा तह पार गरेका विद्यार्थीहरुलाई आफूले अध्ययन गरेको विषय बाहेक उपर्युक्त विषयहरुमध्ये अन्य तीन विषयहरुलाई छोडेर विश्वविद्यालयमा अध्ययन अध्यापन हुने अन्य जुनसुकै 'क' वर्गीय बिषयमा पनि प्रवेश लिई अध्ययन गर्ने अनुमति प्राप्त रहेको छ ।

इ) 'ख' वर्गीय विषयहरुको हकमा पनि उत्तरमध्यमा वा तत्समकक्ष परीक्षामा जुन 'ख' वर्गीय विषय लिई परीक्षा उत्तीर्ण गरेको छ, शास्त्री तहमा पनि त्यही नै 'ख' वर्गीय विषय लिई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्ययन गर्नु पर्ने छ । तर उत्तरमध्यमा तहमा अर्थशास्त्र, गणित र अंग्रेजी बाहेक अन्य 'ख' वर्गीय विषयहरु लिएका विद्यार्थीहरुलाई शास्त्री तहमा उक्त तीन विषयहरु बाहेक अन्य जुनसुकै विषयमा पनि प्रवेशको निमित्त अनुमति प्राप्त रहेको छ । यस्तै अर्थशास्त्र लिएका विद्यार्थीहरु गणित र अंग्रेजी बाहेक अन्य जुनसुकै विषयमा र गणित लिएका छात्र-छात्राहरु अंग्रेजी बाहेक अन्य जुनसुकै 'ख' वर्गीय विषयमा पनि अध्ययन गर्ने अनुमति प्राप्त गर्न सक्दछन् ।

ई) उत्तरमध्यमा वा तत्समकक्ष-परीक्षामा अंग्रेजी विषय लिई परीक्षा उत्तीर्ण नगरेका विद्यार्थीहरुले शास्त्री तहमा अंग्रेजी विषय अनिवार्य बिषयको रुपमा अध्ययन गर्न चाहेमा उत्तरमध्यमा तहको अनिवार्य अंग्रेजी विषयको दुवै खण्डको विशिष्ट परीक्षा उत्तीर्ण हुनु पर्नेछ । अन्यथा अनिवार्य अंग्रेजीको बदला बैकल्पिक संस्कृतरचनाको पत्र अधययन गर्नु पर्ने व्यवस्था रहेको छ ।

आचार्य तह

क) जुन 'क' वर्गीय विषय लिई शास्त्री वा तत्समकक्ष परीक्षा उत्तीर्ण गरिएको छ, त्यही नै विषय लिई आचार्य तहमा अध्ययन गर्नु पर्नेछ । तर -

अ) संस्कृत विषय लिई शास्त्री तहको समकक्ष-परीक्षा (बी.ए. वा स्नातक) उत्तीर्ण गरेका विद्यार्थीहरुलाई आचार्य तहमा इतिहासपुराण विषयमा मात्र अधययन गर्ने अनुमति प्रदान गरिएको छ ।

आ) शुक्लयजुर्वेद, नव्यन्याय, नव्यव्याकरण र सिद्धान्तज्यौतिष बाहेक अरु 'क' वर्गीय विषयहरु लिई शास्त्री तहको परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरुलाई उल्लिखित बिषयहरु बाहेक अन्य जुनसुकै विषयमा पनि आचार्य तहमा अध्ययन गर्ने अनुमति प्राप्त रहेको छ ।

इ) 'क' वर्गीय विषय शुक्लयजुर्वेद, नव्यव्याकरण, नव्यन्याय र सिद्धान्तज्यौतिष लिई शास्त्री तहको परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरुलाई आफूले अध्ययन गरेको विषय बाहेक उपर्युक्त अन्य तीन विषयहरुलाई छोडेर अरु जुनसुकै 'क' वर्गीय विषयहरु लिई आचार्य तहमा अध्ययन गर्न अनुमति प्राप्त हुदैं आएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ई) संस्कृत विषय लिई एम.ए. वा स्नातकोत्तर परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरुलाई शुक्लयजुर्वेद, नव्यन्याय, नव्यव्याकरण, पूर्वमीमांसा र सिद्धान्तज्यौतिष बाहेक अन्य जुनसुकै विषयमा पनि आचार्य तहमा अध्ययन गर्न अनुमति प्रदान गरिएको छ ।

विद्यावारिधि (पीएच.डी.) तह

क) म.सं.वि. वा यसबाट मान्यताप्राप्त शिक्षण-संस्थाहरुबाट जुन विषयमा आचार्य वा तत्समकक्ष तहको परीक्षा उत्तीर्ण गरिएको छ, त्यही नै विषयमा विद्यावारिधि तहमा शोध-अध्ययन गर्ने अनुमति प्राप्त रहेको छ । विशेष परिस्थितिमा भने विषयान्तरमा पनि विद्यावारिधि तहमा प्रवेशको निमित्त अनुमति प्रदान गर्न सकिन्छ । तर यसरी विषयान्तरमा शोध-अध्ययनको निमित्त अनुमति प्रदान गरिंदा "अनुसन्धानकेन्द्रको कार्यविधि सम्बन्धी विनियम" मा भएको व्यवस्थाको अधीनमा रही प्रवेश लिनु पर्नेछ ।

प्रथम खण्डमा लिएका विषयहरु नै अन्य खण्डहरुमा पनि लिनु पर्ने

अध्ययनका सबै तहहरुमा प्रथम खण्डमा जुन जुन विषयहरु लिई अध्ययन पूरा गरेको छ अन्य खण्डहरुमा पनि निर्धारित पाठ्यक्रमअनुसार त्यही-त्यही नै विषय लिई अध्ययन पूरा गर्नु पर्दछ ।

वार्षिक परीक्षा

विश्वविद्यालयमा अध्ययन अध्यापन हुने विषयहरुमा प्रत्येक शैक्षिक-वर्षको अन्त्यमा वार्षिक-परीक्षा लिइन्छ । वार्षिक-परीक्षामा सम्मिलित भएका विद्यार्थीहरुलाई दोश्रो खण्डमा प्रवेश गर्ने अधिकार प्राप्त रहेको छ । तर त्यस तहको निमित्त निर्धारित सबै पत्रहरुमा उत्तीर्ण नभई त्यो तह पार भएको मानिदैन ।

स्वतन्त्र (प्राइभेट) परीक्षा

विभिन्न कारण र परिस्थितिले गर्दा नियमित विद्यार्थीको रुपमा कक्षामा अध्ययन गर्न नसक्ने विद्यार्थीहरुको निमित्त प्रत्येक वर्ष स्वतन्त्र परीक्षाको पनि व्यवस्था गरिएको छ । उत्तरमध्यमा, शास्त्री र आचार्य तीनै तहको निमित्त यस्ता परीक्षाहरु संचालित रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परीक्षाको निमित्त आवेदन दिनुपर्ने

विश्वविद्यालयको वार्षिक-परीक्षामा सम्मिलित हुन चाहने छात्र-छात्राहरुले तोकिएको ढांचामा लिखित आवेदन दिनुपर्नेछ र आवेदनका साथ निम्नानुसार शुल्कहरु बुझाउनु पर्नेछ ।

नियमित परीक्षार्थीहरुको निमित्त

उत्तरमध्यमा:- प्रत्येक खण्डको
निमित्त रु. ४०।- प्रत्येक पत्रको निमित्त रु. १०।-

शास्त्री:- प्रत्येक खण्डको
निमित्त रु.५०।- प्रत्येक पत्रको निमित्त रु. १५।-

आचार्य:- प्रत्येक खण्डको
निमित्त रु.७५।- प्रत्येक पत्रको निमित्त रु. २५।-

विद्यावारिधि (पीएच.डी.) रु. ३००।-

स्वतन्त्र (प्राइभेट)
परीक्षार्थीहरुको निमित्त

उत्तरमध्यमा:- प्रत्येक खण्डको
निमित्त रु. १००।- प्रत्येक पत्रको निमित्त रु. २५।-

शास्त्री:- प्रत्येक खण्डको
निमित्त रु.१५०।- प्रत्येक पत्रको निमित्त रु. ३५।-

आचार्य:- प्रत्येक खण्डको
निमित्त रु.२००।- प्रत्येक पत्रको निमित्त रु. ५५।-

विश्वविद्यालयमा लाग्ने अन्य शुल्कहरु

विश्वविद्यालयका नियमित तथा स्वतन्त्र परीक्षार्थीहरुले बुझाउनु पर्ने अन्य शुल्कहरु निम्नानुसार रहेका छन् ।

विश्वविद्यालय दर्ता शुल्क	३५।-
प्रमाणपत्रको प्रतिलिपि-शुल्क	२५।-
विश्वविद्यालय पुन: दर्ता शुल्क	३५।-
केन्द्रपरिवर्तन-शुल्क	१००।-
प्रमाणपत्र-शुल्क	५०।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्थायी प्रमाणपत्र-शुल्क	२५।-
प्रव्रजन (माइग्रेशन) प्रमाणपत्र-शुल्क	४०।-
आव्रजन (इमिग्रेशन) प्रमाणपत्र-शुल्क	२०।-
पुनर्योग-शुल्क (प्रतिपत्र)	३५।-
स्थानान्तरण प्रमाणपत्र-शुल्क	२५।-
विशेष प्रमाणपत्र-शुल्क	२०।-

उत्तीर्णाङ्क र श्रेणी विभाजन

उत्तरमध्यमा, शास्त्री र आचार्य तीनै तहहरुको निमित्त ३३ प्रतिशत प्राप्ताङ्क उत्तीर्णाङ्क तोकिएका छन् । यस्तै परीक्षार्थीहरुले प्राप्त गरेका अङ्कहरुको आधारमा तल लेखिएअनुसार श्रेणी-विभाजन गरिने व्यवस्था रहेको छ :-

उत्तरमध्यमा, शास्त्री र आचार्य तह

विशिष्ट:-	७५	प्रतिशत	र	यसभन्दा	बढी प्राप्ताङ्क भएमा
प्रथम श्रेणी :-	६०	,,	,,	,,	,,
द्वितीय श्रेणी :-	४५	,,	,,	,,	,,
तृतीय श्रेणी :-	३३	,,	,,	,,	,,

शैक्षिक प्रगति विवरण (ट्रान्सक्रिप्ट)

तह पार गर्ने सबै परीक्षार्थीहरुलाई उसको शैक्षिक प्रगतिको विस्तृत विवरण उपलब्ध गराइन्छ ।

लब्धाङ्कपत्र

परीक्षाफल प्रकाशित भएपछि परीक्षामा सम्मिलित भएका सबै परीक्षार्थीहरुलाई लब्धाङ्कपत्र अनिवार्य रुपमा उपलब्ध गराइन्छ ।

वार्षिक अवकाश

विश्वविद्यालयमा एक वर्षमा ६० दिनको वार्षिक अवकाश हुन्छ । यसलाई दुई भागमा विभक्त गरी प्रदान गरिन्छ । दशैं र तिहारको छुट्टीको बीचमा १४ वा १५ दिन र बांकी दिनहरु काठमाडौं उपत्यकामा जाडो मौसममा हिउंदे विदाको रुपमा र अन्य क्षेत्रमा वर्षाको मौसममा वर्खे विदाको रुपमा प्रदान गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वविद्यालयको संगठनात्मक स्वरुप

कुलपति, सहकुलपति, केन्द्रीयकार्यालय, आङ्गिक विद्यापीठ र सम्बन्धप्राप्त विद्यापीठहरुको सामूहिक रुप नै महेन्द्र संस्कृत विश्वविद्यालयको स्वरुप हो । यस विश्वविद्यालयको संगठनात्मक स्वरुप चित्र नं. १ मा देखाइएअनुसार रहेको छ ।

कुलपति

श्री ५ महाराजाधिराज सरकार विश्वविद्यालयका कुलपति होइवक्सन्छ ।

सहकुलपति

श्री ५ को सरकारको शिक्षामन्त्री नै विश्वविद्यालयका पदेन सहकुलपति हुने व्यवस्था रहेको छ। यसै व्यवस्था-अनुसार हाल माननीय शिक्षा संस्कृति तथा समाजकल्याण मन्त्री श्री गोविन्दराज जोशी विश्वविद्यालयका सहकुलपति हुनुहुन्छ ।

उपकुलपति

विश्वविद्यालयको प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारीको रुपमा कुलपतिबाट एक पटकमा चार वर्षको निमित्त एक उपयुक्त व्यक्तिलाई उपकुलपतिको पदमा नियुक्त गरिबक्सन्छ । हाल प्राध्यापक श्री श्रीकृष्ण आचार्य यस विश्वविद्यालयका उपकुलपति हुनुहुन्छ ।

शिक्षाध्यक्ष

विश्वविद्यालयका शिक्षाध्यक्षको नियुक्ति उपकुलपतिको सिफारिशमा कुलपतिबाट एक पटकमा चार वर्षको लागि हुने व्यवस्था रहेको छ । डा. श्री टीकाराम पन्थी हाल यस विश्वविद्यालयका शिक्षाध्यक्ष हुनुहुन्छ ।

कुलसचिव

विश्वविद्यालयका कुलसचिवको नियुक्ति उपकुलपतिको सिफारिशमा कुलपतिबाट एक पटकमा चार वर्षको लागि हुने व्यवस्था रहेको छ । हाल सह-प्रा. श्री माधवराज गौतम यस विश्वविद्यालयका कुलसचिव हुनुहुन्छ ।

प्राचार्य तथा अन्य पदाधिकारीहरु

प्राचार्यहरु र अन्य पदाधिकारीहरुको नियुक्ति, सेवाका शर्तहरु र काम, कर्तव्य र अधिकारहरु तोकिए बमोजिम रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. विश्वविद्यालयका प्रमुख निकायहरु

विश्वविद्यालय सभा, कार्यकारि-परिषद् र प्राज्ञिकपरिषद् गरी विश्वविद्यालयका तीन प्रमुख निकायहरु रहेका छन् । यिनको संक्षिप्त परिचय यस अनुसार छ :-

विश्वविद्यालय सभा

यो सभा विश्वविद्यालयको उच्चतम निकाय हो । म.सं.वि. ऐन २०४३ अनुसार कुलपति श्री ५ महाराजाधिराज सरकार स्वयं नै विश्वविद्यालय-सभाका अध्यक्ष होइवक्सन्छ । श्री ५ को सरकारका शिक्षा संस्कृति तथा समाजकल्याण मन्त्री विश्वविद्यालयका सहकुलपति एवं विश्वविद्यालय सभाका उपाध्यक्ष हुने र कुलपति सरकारको अनुपस्थितिमा सहकुलपतिबाटै विश्वविद्यालय सभाको अध्यक्षता हुने व्यवस्था उक्त ऐनमा गरिएको छ । पदेन र निर्वाचित बाहेक विश्वविद्यालय सभाका अन्य सबै सदस्यहरु कार्यकारि-परिषद्को सिफारिशमा कुलपतिबाट मनोनीत हुन्छन् । विद्यार्थी प्रतिनिधिको पदावधि एक वर्षको हुने र पदेन सदस्य बाहेक अन्य सदस्यहरुको पदावधि तीन वर्षको हुने प्रावधान रहेको छ ।

विश्वविद्यालय सभामा हाल निम्नानुसार सदस्यहरु रहने व्यवस्था रहेको छ -

१)	कुलपति	अध्यक्ष
२)	सहकुलपति	उपाध्यक्ष
३)	उपकुलपति	सदस्य
४)	बडागुरुज्यू	सदस्य
५)	सांसदहरुमध्येबाट तीन जना	"
६)	राष्ट्रिय योजना आयोगका सदस्य (शिक्षा हेर्ने)	"
७)	उपकुलपति, त्रिभुवन विश्वविद्यालय	"
८)	उपकुलपति, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान	"
९)	उपकुलपति, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान	"
१०)	शिक्षाध्यक्ष	सदस्य-सचिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११)	विश्वविद्यालयका भू.पू. उपकुलपतिमध्येबाट एक जना	सदस्य
१२)	सचिव, शिक्षा संस्कृति तथा समाजकल्याण मन्त्रालय	,,
१३)	सचिव, अर्थ मन्त्रालय	,,
१४)	अध्यक्ष, गुठी संस्थान	,,
१५)	कुलसचिव	,,
१६)	कार्यकारि-निर्देशक, म.सं.वि. अनुसन्धानकेन्द्र	,,
१७)	प्राचार्यहरु मध्येबाट एक जना	,,
१८)	म.सं.वि. अन्तर्गत विद्यापीठ प्राध्यापक संघ इकाइका सभापति र सचिवको निर्वाचक-मण्डलद्वारा निर्वाचित शिक्षकहरु तीन जना	,,
१९)	शिक्षाविद्हरु मध्येबाट एक जना	,,
२०)	संस्कृतका प्रतिष्ठत विज्ञान्हरु मध्येबाट एक जना	,,
२१)	नेपाल प्राध्यापक संघका प्रतिनिधि एक जना	,,
२२)	म.सं.वि. कर्मचारी संघका प्रतिनिधि एक जना	,,
२३)	चन्दादाताहरु मध्येबाट एक जना	,,
२४)	प्रतिष्ठित समाजसेवी एक जना	,,
२५)	म.सं.वि. स्वतन्त्र विद्यार्थी यूनियनका सभापतिहरु मध्येबाट एक जना	,,

विश्वविद्यालय सभाका काम, कर्तव्य र अधिकारहरु संक्षेपमा निम्नानुसार रहेका छन् ।

- संस्कृतमा उच्च शिक्षाको निमित्त विद्यापीठहरुको स्थापना, संचालन र प्रबन्ध गर्नु ।
- उत्तरमध्यमा, शास्त्री, आचार्य र विद्यावारिधि उपाधिहरुको स्थापना गर्नु र प्रदान गर्नु ।
- विश्वविद्यालयको वार्षिक कार्यक्रमलाई स्वीकृति दिनु र वार्षिक बजेट पारित गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- विश्वविद्यालयलाई मार्गदर्शन दिनु ।
- विश्वविद्यालयका नियमहरु पारित गर्नु ।
- विश्वविद्यालयको वार्षिक प्रतिवेदनमाथि छलफल गर्नु र स्वीकृति प्रदान गर्नु ।
- आवश्यकता अनुसार विशेष समितिहरु गठन गर्नु ।
- लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गर्नु र स्वीकृति दिनु ।

विश्वविद्यालय-सभाको बैठक समान्यतया वर्षमा तीन पटक बस्दछ र विशेष आवश्यक परेमा कुलपतिबाट स्वीकृति प्राप्त गरी यसभन्दा बढी पटक पनि बस्न सक्दछ ।

कार्यकारि-परिषद्

म.सं.वि. ऐन २०४३ ले विश्वविद्यालयको सर्वोच्च प्रशासनिक निकायको रुपमा कार्यकारी-परिषद्को व्यवस्था गरेको छ । पदेन सदस्य बाहेक यसका अन्य सदस्यहरुको मनोनयन विश्वविद्यालय सभाले तीनवर्षको निमित्त गर्दछ । कार्यकारि परिषद्मा निम्नानुसार सदस्यहरु रहने व्यवस्था रहेको छ -

क)	उपकुलपति	अध्यक्ष
ख)	शिक्षाध्यक्ष	सदस्य
ग)	कुलसचिव	सदस्य सचिव
घ)	प्राचार्यहरु मध्येबाट एक सजना	सदस्य
ङ)	शिक्षकहरु मध्येबाट एक जना	सदस्य

कार्यकारि-परिषद्का काम, कर्तव्य र अधिकारहरु संक्षेपमा निम्नानुसार तोकिएका छन् -

- विश्वविद्यालय-सभाका निर्णय एवं निर्देशनहरुलाई कार्यान्वयन गर्नु एवं राष्ट्रिय शिक्षा समितिले दिएका निर्देशनहरुको पालना गर्नु ।
- सभामा प्रस्तुत हुने कार्यक्रम, बजेट प्रगतिविवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरु तैयार गर्नु ।
- विश्वविद्यालयलाई प्राप्त दान दातव्यहरु ग्रहण गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- विश्वविद्यालयको कोष र चल-अचल सम्पत्तिको संरक्षण गर्नु र विश्वविद्यालय-सभाको नीति तथा निर्देशनभित्र रही आवश्यकतानुसार बेच-बिखन गर्नु ।
- विश्वविद्यालय अन्तर्गत संचालित कार्यहरुको रेखदेख गर्नु ।
- शैक्षिक तथा प्रशासनिक कामहरुको निमित्त आवश्यक शिक्षक तथा कर्मचारीहरुको दरबन्दी स्वीकृत गर्नु ।
- विश्वविद्यालय सम्बन्धी नियमहरुको मस्यौदा गरी विश्वविद्यालय सभामा पेश गर्नु ।
- विश्वविद्यालयका शिक्षक तथा कर्मचारी एवं विद्यापीठका प्राचार्यहरुको नियुक्ति गर्नु ।

प्राज्ञिकपरिषद्

शैक्षिक तथा प्राज्ञिक क्षेत्रमा प्रमुख निकायको रुपमा काम गर्न विश्वविद्यालयमा प्राज्ञिकपरिषद्को पनि व्यवस्था रहेको छ । यस परिषद्का पदेन बाहेक अन्य सदस्यहरुको मनोनयन विश्वविद्यालय-सभाले तीन वर्षको निमित्त गर्ने गर्दछ । परिषद्मा निम्नानुसार सदस्यहरु रहने व्यवस्था रहेको छ -

क)	उपकुलपति	अध्यक्ष
ख)	शिक्षाध्यक्ष	सदस्य सचिव
ग)	कुलसचिव	सदस्य
घ)	कार्यकारि-निर्देशक (अनुसन्धानकेन्द्र)	सदस्य
ङ)	विषय समितिका अध्यक्षहरु पांच जना	सदस्य
च)	विभागीय प्रमुखहरु मध्येबाट पांच जना	"
छ)	प्राचार्यहरु मध्येबाट दुई जना	"
ज)	वरिष्ठ शिक्षकहरु मध्येबाट दुई जना	"

प्राज्ञिकपरिषद्का काम, कर्तव्य र अधिकारहरु संक्षेपमा निम्नानुसार तोकिएका छन् -

- विश्वविद्यालयको शैक्षिक एवं प्राज्ञिक काम कुरामा प्रमुख निकायको रुपमा काम गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- विश्वविद्यालयमा हुने अध्ययन-अध्यापनको गुणस्तर, पाठ्यक्रम, परीक्षाको स्तर एवं किसिम, मूल्याङ्कन विधिहरु, शिक्षण-सामग्रीहरु, छात्र भर्ना सम्बन्धी संख्या तथा योग्यता आदि निर्धारण गर्नु ।
- अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्नु र अनुसन्धान कार्यक्रमहरुमा स्वीकृति प्रदान गर्नु ।
- विद्यार्थीहरुको शैक्षिक-कार्यक्रमहरुको मूल्याङ्कन गर्नु एवं शिक्षण र अनुसन्धानको स्तर तोक्नु ।
- उपाधि एवं मानार्थ-उपाधिहरुको व्यवस्था गर्नु ।
- विभिन्न तहका निमित्त शिक्षकहरुको न्यूनतम योग्यता निर्धारण गर्नु ।

८. केन्द्रीय कार्यालय

दाङ जिल्लाको लगभग मध्यभागमा जिल्लाको सदरमुकाम घोराहीबाट १६ किलोमीटर जति पश्चिममा रहेको बेलझुण्डीमा विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको छ । २०२६ सालमा यसै ठाउंमा बसेर योगी नरहरिनाथज्यूले नेपालमा संस्कृत विश्वविद्यालयको स्थापनाको निमित्त भूदान-यज्ञको शुभारम्भ गर्नु भएको हो भन्ने स्थानीय जनताहरुको भनाइ रहेको छ । यसै क्रममा हालसम्म यस क्षेत्रमा श्रद्धालु भूमिदाताहरुबाट विश्वविद्यालयको नाममा ३२६ बिगाहा जति जमिन सङ्कलित भएको छ । यस्तै देउखुरीमा पनि दाङका मजगैयां परिवारहरुबाट संस्कृत-शिक्षाको निमित्त भनी बाह्र सय बिगाहा जति जमिन दानमा प्राप्त भएको छ ।

संस्कृत अध्ययन संस्थानको स्थापना भएपछि अधिराज्यका सम्पूर्ण संस्कृत क्याम्पसहरु यहींबाटै निर्देशित रहन थालेका हुन् । म.सं.वि. ऐन २०४३ को दफा ३ (३) मा - "विश्वविद्यालयको केन्द्रीय कार्यालय राप्ती अञ्चलको दाङमा रहने छ" भन्ने उल्लेख हुन गएपछि संस्कृत अध्ययन संस्थान अन्तर्गतको डीन कार्यालय विश्वविद्यालयको केन्द्रीय कार्यालयमा परिणत हुन आएको छ ।

केन्द्रीय कार्यालयको आसपासमा जनघनत्व कम भएपनि वातावरण निकै रमणीय रहेको छ । घोराही बजारबाट तुल्सीपुर जाने सडकले विश्वविद्यालयको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रलाई दुई भागमा विभक्त गरेको छ । यहांका पुराना सबै कार्यालयहरु सडकको उत्तरतर्फ रहेका छन् भने प्रशासनिक भवन, विश्वविद्यालय विद्यापीठ र छात्रावासहरु दक्षिणतर्फ रहेका छन् । सडकको किनारैमा दक्षिणतर्फ त्रिलोकेश्वर शिवालय र धर्मशाला अवस्थित छ । छात्रावासदेखि दक्षिण-पूर्वमा रत्नउद्यानको नामले एउटा विशाल उद्यानको पनि विस्तार गरिएको छ । यस्तै विश्वविद्यालय परिसरको ७० विगाहा जति जमिनलाई पनि तारबारले घेरेर सुरक्षित राखी वृक्षारोपण गर्ने व्यवस्था मिलाइएको छ र यसैमध्येको करिब ३० विगाहा जमिनमा विश्वविद्यालयको विस्तार गर्ने गुरुयोजना तैयार गरिएको छ ।

यहां सभाकक्ष, अतिथिगृह, छापाखाना एवं पानीट्यांकीको समुचित व्यवस्था छ र विद्युत तथा टेलिफोनको सुविधा पनि उपलब्ध छ । केन्द्रीय प्रशासकीय भवनको निर्माणकार्य हाल चालू रहेको छ । केन्द्रीय कार्यालयको रुपमा प्रयोग हुदै आएका दुई वटा पुराना प्रशासनिक भवनहरुमा हाल निम्नानुसार कार्यालय एवं शाखाहरु संचालित रहेका छन् -

१) उपकुलपतिको कार्यालय: यस कार्यालय अन्तर्गत योजना तथा मूल्याङ्कन शाखा र उपकुलपतिको निजी कार्यालय राखिएका छन् ।

२) शिक्षाध्यक्षको कार्यालय : यस कार्यालय अन्तर्गत शैक्षिक प्रशासन एवं पाठ्यक्रम विकास तथा केन्द्रीय पुस्तकालय शाखा गरी दुई शाखाहरु राखिएका छन् ।

३) कुलसचिवको कार्यालय : यस कार्यालय अन्तर्गत सामान्य प्रशासन शाखा, कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, (साधारण र संचयकोष) नियम विनियम तर्जुमा शाखा, सम्पत्ति व्यवस्थापन शाखा र परीक्षा शाखाहरु कार्यरत रहेका छन् ।

९. विभिन्न समिति एवं विभागहरु

विश्वविद्यालयभित्रको नियमित कार्यक्रमहरु संचालित गर्न निम्नाङ्कित विभिन्न समितिहरुको पनि व्यवस्था रहेको छ :-

छनौट समिति : विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरुको नियुक्तिको निमित्त नाम सिफारिश गर्न विभिन्न तहका छनौट समितिहरुको व्यवस्था रहेको छ । यसमध्ये प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक र सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरहका शैक्षिक पदहरुमा नियुक्तिका लागि नाम सिफारिश गर्न देहायका सदस्यहरु रहेको छनौट समिति गठन हुने प्रावधान रहेको छ -

१) उपकुलपति - अध्यक्ष

२) शिक्षाध्यक्ष - सदस्य सचिव

३) प्राध्यापक र सहप्राध्यापक पदका लागि सम्बद्ध विषयका बाह्य विशेषज्ञ दुई जना र उपप्राध्यापक र सहायक प्राध्यापक पदका लागि सम्बद्ध विशेषज्ञहरु दुई जना - सदस्य

४) उपकुलपतिबाट मनोनित सम्बद्ध विषयका प्राध्यापक वा विषय मिल्ने अन्य विषयका पाध्यापक एक जना - सदस्य

यस्तै सहप्रशासक, उपप्रशासक, सहायक प्रशासक र सो सरहका प्रशासनिक पदहरुमा नियुक्तिका लागि नाम सिफारिश गर्न निम्नानुसार सदस्यहरु भएको छुट्टै छनौट समितिको व्यवस्था रहेको छ -

१) उपकुलपति - अध्यक्ष

२) कुलसचिव - सदस्य सचिव

३) उपकुलपतिद्वारा मनोनीत प्राचार्य एक जना - सदस्य

४) सम्बद्ध क्षेत्रको ज्ञान र अनुभव भएका विशेषज्ञहरु दुई जना - सदस्य

अधिकृत तहभन्दा तलका हेड असिष्टेण्ट वा सो सरह र सोभन्दा मुनिका प्रशासनिक कर्मचारीहरुको नियुक्तिको निमित्त नाम सिफारिश गर्न विश्वविद्यालयको केन्द्रीय तह र विद्यापीठ तहमा समेत छुट्टा छुट्टै छनौट समितिहरु रहने पनि म.सं.वि. नियमावली - २०४४ मा व्यवस्था रहेको छ ।

विषय समिति : विश्वविद्यालयमा अध्ययन-अध्यापन हुने प्रत्येक विषय वा विषय समूहको निमित्त त्यस विषयका सबै प्राध्यापक एवं सहप्राध्यापकहरु, शिक्षाध्यक्षद्वारा मनोनीत बढीमा पाँचजना शिक्षकहरु र विश्वविद्यालय बाहिरका सम्बद्ध विषयका एक एक जना विशेषज्ञ समेत गरी विषय समितिको गठन गरिने प्रावधान रहेको छ । हाल विश्वविद्यालयमा निम्नानुसार विषय समितिहरु कार्यरत रहेका छन् -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१- शुक्लयजुर्वेद, धर्मशास्त्र र इतिहासपुराण २- नव्यव्याकरण

३- साहित्य ४- न्याय

५- ज्योतिष ६- दर्शन, पूर्वमीमांसा र वेदान्त

७- अनिवार्य संस्कृत ८- राजनीतिशास्त्र

९- नेपाली १०- अर्थशास्त्र

११- मैथिली र हिन्दी १२- अंग्रेजी

१३- गणित

परीक्षा समिति : विश्वविद्यालयद्वारा संचालित हुने नियमित परीक्षाहरुको रेखदेख, नीति निर्धारण र अन्य आवश्यक व्यस्थाहरु गर्न परीक्षा समितिको गठन हुने व्यवस्था रहेको छ । यस समितिका काम, कर्तव्य र अधिकारहरु नियममा तोकिएका छन् ।

अनुसन्धान केन्द्र र अनुसन्धान परिषद् : विश्वविद्यालयको अनुसन्धान र प्रकाशन सम्बन्धी सम्पूर्ण कार्यक्रमहरुको व्यवस्थापन, संचालन, नियन्त्रण र स्तरोन्नतिको निमित्त विश्वविद्यालयको केन्द्रीय तहमा अनुसन्धान केन्द्रको व्यवस्था रहेको छ । कार्यकारी निर्देशक नै अनुसन्धान केन्द्रका प्रशासकीय प्रमुख हुन्छन् । उपर्युक्त कार्यक्रमहरुका सम्बन्धमा नीति निर्धारण गरी समुचित परामर्श उपलब्ध गराउन अनुसन्धान केन्द्र अन्तर्गत अनुसन्धान परिषद्को पनि व्यवस्था गरिएको छ ।

समानस्तर निर्धारण समिति : स्वदेशी तथा विदेशी अन्य विश्वविद्यालय एवं शिक्षण संस्थाहरुका प्रमाणपत्र एवं शैक्षिक उपाधिहरुलाई मान्यताको निमित्त सिफारिश गर्नु र विश्वविद्यालयका विभिन्न तहका शैक्षिक प्रमाणपत्र एव उपाधिहरुसँग तिनको समकक्षता निर्धारण गर्नु यस समितिको प्रमुख कर्तव्य रहेको छ ।

केन्द्रीय पुस्तकालय संचालक समिति : विश्वविद्यालयको केन्द्रीय तहको पुस्तकालयको संचालन सुव्यवस्थापनको निमित्त केन्द्रीय पुस्तकालय संचालक समितिको पनि व्यवस्था रहेको छ । विभिन्न विद्यापीठहरुमा रहेको पुस्तकालय संचालक समितिहरु यसै संचालक समितिको सामान्य निर्देशनमा संचालित हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षण विभागहरु : विद्यापीठहरुमा अध्ययन अध्यापन हुने विषयहरुको शिक्षण व्यवस्थाको निमित्त हरेक विद्यापीठहरुमा विषय वा विषय समूहको निमित्त छुट्टा छुट्टै शिक्षण विभागहरु रहने व्यवस्था रहेको छ । साधारणतया कम्तीमा पाँच जना शिक्षक कार्यरत रहेका विषयहरुको निमित्त विद्यापीठमा प्राचार्यले विभागको व्यवस्था गर्न सक्नेछ ।

सम्बद्ध विषयको अध्ययन-अध्यापन एवं अनुसन्धान कार्यक्रमहरुको संचालन र स्तरोन्नतिको निमित्त आवश्यक व्यवस्था मिलाउनु र यसको निमित्त विषय समिति मार्फत् प्राज्ञिक परिषदमा सुझावहरु प्रस्तुत गर्नु शिक्षण विभागहरुको प्रमुख कर्तव्य मानिएको छ ।

विश्वविद्यालयको छाप : म.सं.वि. नियमावली २०४४ द्वारा निर्देश गरिएको आकृति विशेष नै यस विश्वविद्यालयको छाप मानिएको छ ।

विश्वविद्यालयको कोष : यस कोषमा सामान्यतया देहायका रकमहरु जम्मा गरिन्छन् -

- विश्वविद्यालयको निमित्त श्री ५ को सरकारको तर्फबाट उपलब्ध हुने रकम ।
- विश्वविद्यालयले सापटी लिएको रकम ।
- विश्वविद्यालयको निमित्त उपलब्ध हुने अन्य सबै रकम ।
- दान-दातव्य र आर्थिक सहयोगस्वरुप विश्वविद्यालयलाई उपलब्ध हुने रकम, र
- विद्यार्थीहरुको मासिक शुल्क वा अन्य स्रोतहरुबाट विश्वविद्यालयलाई उपलब्ध हुने रकम ।

हिसाब किताब र लेखापरीक्षण : विश्वविद्यालयको हिसाब किताब तोकिए बमोजिम राखिएको हुन्छ र सोको लेखापरिक्षण महालेखापरीक्षकको विभागले गर्ने व्यवस्था रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. विश्वविद्यालयका शैक्षिक र प्रशासनिक पदहरु

विश्वविद्यालयमा प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक-प्राध्यापक र प्रशिक्षक गरी हाल पांच तहका शैक्षिक पदहरु रहेका छन् ।

प्रशासनतर्फ सहप्रशासक, उपप्रशासक वा लेखानियन्त्रक र सहायक-प्रशासक वा लेखाअधिकृत वा सहायक लाइब्रेरियन गरी तीन तहका अधिकृत पदहरु रहेका छन् ।

११. विश्वविद्यालयद्वारा संचालित अतिरिक्त कार्यक्रमहरु

विद्यार्थीहरुलाई निर्धारित तहहरुको अध्ययन-अध्यापन गराउनु विश्वविद्यालयको प्रधान कर्तव्य भए पनि म.सं.वि. ऐन- २०४३ ले केही थप दायित्वहरु पनि विश्वविद्यालयलाई सुम्पिदिएको छ । यसै अनुसार हाल निम्नाङ्कित अतिरिक्त कार्यक्रमहरु पनि विश्वविद्यालयमा संचालित रहेका छन् ।

१) कर्मकाण्ड प्रशिक्षण : परम्परागत धर्म, नैतिक मान्यता एवं सदाचार र सच्चरित्रताको विकास गर्नु पनि विश्वविद्यालयको दायित्वभित्र परेको र परम्परागत धार्मिक कर्मकाण्डहरुको लोप हुदै जाने स्थिति उत्पन्न भएकोले हाल संस्कृत वाङ्मयमा आधारित सनातन कर्मकाण्ड र बौद्ध कर्मकाण्डगरी दुई थरि कर्मकाण्डहरुको प्रशिक्षणकार्यक्रम संचालित हुदै आएको छ । यो कार्यक्रम प्राथमिक र माध्यमिक गरी दुई तहमा संचालित भैरहेको छ र दुवै तहको निमित्त अधिराज्यका उपयुक्त ठाउंहरुमा ६ महिने प्रशिक्षण कार्यक्रमहरु संचालित हुदै आएका छन् ।

२) संस्कृत भाषा प्रशिक्षण कार्यक्रम: संस्कृत भाषा अध्ययनको निमित्त समुचित अवसर उपलव्ध हुनु पर्ने भन्ने जनगुनासो रहदै आएको र विश्वविद्यालयको निमित्त छात्रस्रोत पनि न्यूनतम नै रहेकोले हालैदेखि यो कार्यक्रम शुरु गरिएको छ । यो कार्यक्रम चार महिनाको निमित्त संचालित हुन्छ । साधारण माध्यमिक विद्यालयहरुबाट एस.एल.सी. उत्तीर्ण भएका वा उत्तीर्ण हुने स्थितिमा पुगेका प्रशिक्षार्थीहरुलाई मात्र यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यक्रममा समावेश गराइने गरिएको छ । प्रशिक्षण पूरा भई परीक्षामा सफल भएका प्रशिक्षार्थीहरुलाई संस्कृत भाषाको प्रशिक्षण पूरा गरेको प्रमाणपत्र प्रदान गरिन्छ र प्रशिक्षण पूरा गरेका र एस.एल.सी. परीक्षा समेत उत्तीर्ण भएका प्रशिक्षार्थीहरुलाई म.सं.वि. अन्तर्गतका विद्यापीठहरुमा उत्तरमध्यमा तहमा केही सीमित विषयहरुमा प्रवेश दिने पनि व्यवस्था रहेको छ ।

३) व्यवहारपरक संस्कृत भाषा प्रशिक्षण शिविर: संस्कृत पढेका तर दैनिक व्यवहारमा संस्कृत भाषाको प्रयोग नगर्ने, खासगरी संस्कृत माध्यमिक विद्यालयका शिक्षकहरुको निमित्त यस्तो शिविरको संचालन गर्ने कार्यक्रम रहेको छ । यस्तो शिविरमा प्रशिक्षार्थीहरु निश्चित अवधिसम्म आवासीय रुपमा रहन्छन र प्रति दिन प्रयोग हुने संस्कृत भाषालाई क्रियात्मक रुपमा नै सिक्ने र अभ्यास गर्ने गर्दछन् । संस्कृत भाषा सिक्न चाहने अन्य प्रशिक्षार्थीहरुलाई पनि यस किसिमको शिविरहरुमा सम्मिलित हुने अनुमति प्रदान गर्न सकिन्छ ।

४) आकाश निरीक्षण (अब्जर्भेशन) कार्यक्रम: ज्यौतिष विषय अध्ययन गर्ने छात्रछात्राहरुलाई प्रयोगात्मक अध्ययनको अवसर सुलभ गराउने र सर्वसाधारण जनतालाई ग्रह, नक्षत्र आदि आकाशीय वस्तुहरुको ज्ञान एवं निरीक्षण गराउने उद्देश्य अनुसार वाल्मीकि विद्यापीठको शिक्षण भवनमा यो कार्यक्रम संचालित रहेको छ ।

५) योग प्रशिक्षण: शारीरिक तन्दुरुस्ति एवं मानसिक स्वस्थताको निमित्त सर्वसाधारण जनतालाई योग विषयको प्रारम्भिक प्रयोगात्मक प्रशिक्षण उपलब्ध गराउने उद्देश्य अनुसार हालैदेखि यो कार्यक्रम संचालित हुन थालेको छ ।

१२. पदक र पुरस्कारहरु

विश्वविद्यालयमा अध्ययन गर्ने छात्रछात्राहरुलाई विशेष प्रोत्साहित गर्न विश्वविद्यालयमा हाल केन्द्रीय तहमा निम्नानुसार पदक, पुरस्कार र छात्रवृत्तिहरु स्थापित रहेका छन् ।

कुलपति पदक: प्रथम श्रेणीमा सर्वप्रथम भई आचार्य परीक्षा उत्तीर्ण हुने विश्वविद्यालयका छात्र वा छात्राहरुलाई प्रतिवर्ष दीक्षान्त समारोहको अवसरमा तोकिएको आकार एवं भार अनुसारको यो सुवर्ण पदक प्रदान गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ वीरेन्द्र छात्रवृत्तिः विश्वविद्यालयद्वारा संचालित शास्त्री तहको परीक्षामा सर्वोच्च अङ्क प्राप्त गरी प्रथम श्रेणीमा सर्वप्रथम भएर विश्वविद्यालयको आचार्य तहमा अध्ययन गर्ने र उत्तरमध्यमा तहमा सर्वोच्च अङ्क ल्याई प्रथम श्रेणीमा सर्वप्रथम भएर शास्त्री तहमा अध्ययन गर्ने छात्रलाई श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालयको तर्फबाट क्रमशः मासिक रु. ४००।- , रु. ३००।- को हिसावले यो छात्रवृत्ति प्रदान गरिन्छ ।

श्री ५ ऐश्वर्य छात्रवृत्तिः शास्त्री तहको परीक्षामा सर्वोच्च अङ्क प्राप्त गरी प्रथम श्रेणीमा प्रथम भएर विश्वविद्यालयको आचार्य तहमा अध्ययन गर्ने र उत्तरमध्यमा तहमा सर्वोच्च अङ्क प्राप्त गरी प्रथम श्रेणीमा सर्वप्रथम भएर शास्त्री तहमा अध्ययन गर्ने छात्रालाई श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालयको तर्फबाट क्रमशः मासिक रु. ४००।-, रु.३००।- को हिसावले छात्रवृत्ति प्रदान गरिन्छ ।

श्री ५ महेन्द्र वृत्ति-विकास कोषः परम्परागत धर्म एवं संस्कृतिको सम्बन्धमा अध्ययन एवं अनुसन्धान गराउने र यस कार्यक्रममा कार्यरत रहने अध्येता एवं अनुसन्धाताहरुलाई वृत्ति प्रदान गर्ने लक्ष्यअनुसार यस कोषको स्थापना भएको हो । यसको मूलधन रु. १,००,०००।- रहेको छ ।

उपकुलपति पदकः शास्त्री तहमा प्रथम श्रेणीमा सर्वप्रथम भई उत्तीर्ण हुने विश्वविद्यालयका छात्र वा छात्रालाई प्रतिवर्ष दीक्षान्त समारोहको अवसरमा यो पदक प्रदान गरिन्छ । यो पदक पनि स्वर्ण पदक हो र यसको आकार र भार तोकिए अनुसार हुन्छ ।

पण्डितराज सोमनाथ पुरस्कारः महेन्द्र संस्कृत विश्वविद्यालय वा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट सर्वाधिक अङ्क प्राप्त गरी न्याय विषयमा प्रथम श्रेणीमा आचार्य परीक्षा उत्तीर्ण हुने नेपाली नागरिकलाई प्रतिवर्ष एकमुष्ट रु. १०,०००।- पुरस्कार प्रदान गर्ने लक्ष्यअनुसार यस पुरस्कारको स्थापना गरिएको छ । आफ्ना पति स्व. पण्डितराज सोमनाथ सिरदेलको पुण्यस्मृतिमा उहांकी धर्मपत्नी श्रीमती ललितादेवीले यस पुरस्कारको स्थापना गर्नु भएको हो । यसको मूलधन रु. १,००,०००।- रहेको छ ।

हेमराज पाण्डेय निबन्ध पुरस्कारः हिन्दू र बौद्ध परम्पराको विषयमा निबन्ध प्रतियोगिता गराई प्रथम र द्वितीय हुनेलाई पुरस्कार दिन स्व. हेमराज पाण्डेयको स्मृतिमा जर्मन बिद्वान् श्री वर्नहर्ड कोल्भरले यो पुरस्कारको स्थापना गर्नु भएको हो । यसको मूलधन रु. ५४,२८२।- रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेमनाथ छात्रवृत्तिः म.सं.वि. को उत्तरमध्यमा तहको परीक्षामा व्याकरण विषयमा सर्वैभन्दा बढी अङ्क प्राप्त गरी उत्तीर्ण भएका र शास्त्री तहमा पनि व्याकरण विषय नै लिई अध्ययन गर्ने छात्र वा छात्रालाई दुई वर्षको निमित्त यो वृत्ति प्रदान गरिन्छ । आफ्ना पिता स्व. हेमनाथको स्मृतिमा श्री पुरुषोत्तम शर्मा घिमिरेज्यूले यस पुरस्कारको स्थापना गर्नु भएको हो । यसको मूलधन रु. ४०,०००।- रहेको छ ।

लीलाबल्लभ पन्त पदकः प्रत्येक वर्ष आचार्य तहमा सर्वाधिक अङ्क ल्याउने छात्र वा छात्राहरुलाई दीक्षान्त समारोहमा वितरण गर्न श्रीमती चेतकुमारी पाण्डेयज्यूबाट यस पुरस्कारको स्थापना भएको हो । यसको मूलधन रु. ३०,०००।- रहेको छ ।

चेतनाथ साहित्य पुरस्कारः आचार्य तहमा साहित्य विषय लिई सर्वाधिक अङ्क प्राप्त गरेर उत्तीर्ण हुने यस विश्वविद्यालयका छात्र वा छात्रालाई पुरस्कार प्रदान गर्ने लक्ष्यअनुसार आफ्ना पिता स्व. चेतनाथ पौडेलको पुण्यस्मृतिमा उहांका सुपुत्र श्री शङ्कर पौडेलज्यूबाट यस पुरस्कारको स्थापना भएको छ ।

जीवनराम मित्तल प्रवचन पुरस्कारः सनातन हिन्दूधर्मको विषयमा प्रतिवर्ष प्रवचन गराउने प्रयोजनको निमित्त आफ्ना पिता जीवनराम मित्तलको स्मृतिमा श्री गिरीधारीलाल मित्तलबाट यस पुरस्कारको स्थापना गरिएको हो ।

मुकुन्दनाथ भट्टराई पुरस्कारः म.सं.वि. मा अध्ययनरत छात्रछात्राहरुबाट संस्कृतमा निबन्ध प्रतियोगिता गराईप्रथम र द्वितीय हुने छात्र छात्राहरुलाई पुरस्कार दिने उद्देश्यअनुसार श्री मुकुन्दनाथ भट्टराईज्यूबाट यस पुरस्कारको व्यवस्था भएको छ ।

१३. विश्वविद्यालयका लक्ष्य र योजनाहरु

यस विश्वविद्यालयका सामु अनेक आवश्यकता र चुनौतीहरु उपस्थित रहेका छन् । एकातर्फ प्रौढ विद्वत्परम्पराको संरक्षण गर्दै देशको प्राज्ञिक आवश्यकता पूरा गर्नु र यसको गुणस्तरको विकास गर्नु आवश्यक भएको छ भने अर्कातर्फ संस्कृत-शिक्षालाई जनप्रिय र जीवनोपयोगी साधनको रुपमा प्रस्तुत गर्दै जानु पर्ने चुनौती पनि यसका सामु उपस्थित भएको छ । शैक्षिक कार्यक्रमहरुलाई सफल पार्न भौतिक आवश्यकताहरुको परिपूर्ति गर्नु पनि उत्तिकै जरुरी छ । यसै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिप्रेक्ष्यमा सुव्यवस्थितरुपले अगाडी बढ्दै जाने उद्देश्यअनुसार विश्वविद्यालयले हाल मोटामोटी रुपमा निम्नाङ्कित लक्ष्यहरु निर्धारित गरेको छ -

- अध्ययन-अध्यापनको गुणस्तरमा समुचित अभवृद्धि गराउदै शास्त्रीय विषयहरुको संरक्षण र सम्बर्द्धनमा प्रयत्नशील रहने । यस उद्देश्यको परिपूर्तिको निमित्त आगामी दश वर्षभित्रमा (वि.सं.२०५९ सम्ममा) अधिराज्यका प्रत्येक अञ्चलमा शास्त्री तहसम्मको अध्ययन-अध्यापन हुने संस्कृत विद्यापीठहरुको स्थापना गर्न प्रयासरत रहने ।
- संस्कृत शिक्षामा उच्च माध्यमिक कक्षा संचालन गराउन सक्रिय रहने ।
- आगामी दशवर्षभित्रमा (वि.सं. २०५९ सम्ममा) अधिराज्यका सबै जिल्लाहरुमा न्यूनतम एक-एक संस्कृत माध्यमिक विद्यालयहरु स्थापना एवं संचालन गर्न श्री ५ को सरकारसंग विशेष आग्रह गर्ने ।
- शोध-अनुसन्धान र प्रकाशन कार्यक्रमहरुलाई अझै व्यापक बनाई संस्कृत विषयका साथै राष्ट्रिय जीवनसंग सम्बद्ध भाषिक र सांस्कृतिक अध्ययन र अन्वेषणको क्षेत्रमा समेत सचेष्ट रहने ।
- प्राध्यापकहरु एवं विद्यार्थीहरुबाट गरिने अनुसन्धान र शिक्षण कार्यक्रमहरुमा प्रभावकारिता ल्याउन बाह्य विश्वविद्यालयहरुसंग प्राज्ञिक आदान-प्रदान कार्यक्रम संचालन गर्ने ।
- विभागीय विकास र वृत्तिविकास कार्यक्रमलाई प्राथमिकता दिई विकसित गर्दै लैजाने ।
- हाल संचालित प्रशिक्षण कार्यक्रमहरुलाई अझ व्यापक बनाउदै लैजाने ।
- आयुर्वेदको शिक्षण प्रारम्भ गर्न एवं जडिबुटि उद्यानको विकास र विस्तार गर्न प्रयत्नशील रहने ।
- ज्योतिष, योग र तन्त्र जस्ता प्रायोगिक विद्याको शिक्षण र प्रशिक्षणमा जोड दिने ।
- बौद्धदर्शन र प्राचीन राजशास्त्र तथा अर्थशास्त्र जस्ता लोकप्रिय विषयहरुको अध्ययन-अध्यापन कार्यक्रमहरु संचालन गर्ने ।
- केन्द्रीय कार्यालयको गुरुयोजना तैयार गरी तदनुरुप निर्माण कार्य प्रारम्भ गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- आयमूलक निर्माण कार्य समेत हुने गरी तीनधारा संस्कृत छात्रावासको पुनर्निर्माण गर्ने ।
- बाल्मीकि विद्यापीठको गुरुयोजना तैयार गरी आयमूलक निर्माण कार्य सम्पन्न गराउने ।
- प्रत्येक विद्यापीठमा छात्रावासको व्यवस्था गर्नुका साथै सबै जातजातिका छात्रछात्राहरुको निमित्त काठमाडौंमा छुट्टै छात्रावासको निर्माण गर्न प्रयासरत रहने ।
- सबै विद्यापीठहरुमा पुस्तकालयहरुको सुव्यवस्था मिलाउने ।

१४. विश्वविद्यालय अन्तर्गतका विद्यापीठहरु

विश्वविद्यालय अन्तर्गत हाल आठ विद्यापीठहरु संचालित रहेका छन् । तिनको संक्षिप्त परिचय तल उल्लेख गरिएअनुसार रहेको छ -

१) **विश्वविद्यालय विद्यापीठः** डीन कार्यालयको निर्माण प्रारम्भ भई आवश्यक शिक्षण भवनहरुको निर्माण कार्य पूरा भएपछि जनता महाविद्यालयमा संचालन हुदै आएका आचार्य तहका कक्षाहरुलाई वि.सं. २०३९ देखि यस विद्यापीठमा स्थानान्तरित गरी केन्द्रीय क्याम्पसको रुपमा यस विद्यापीठको संचालन भएको हो । म.सं.वि. को स्थापनापछि विश्वविद्यालय विद्यापीठको नाममा नामान्तरित यस विद्यापीठमा नव्यव्याकरण, साहित्य, न्याय, वेदान्त, धर्मशास्त्र र इतिहासपुरण गरी ६ विषयहरुको पठनपाठन संचालित रहेको छ र यहां छात्रावासको सुविधा पनि उपलब्ध छ ।

२) **बाल्मीकि-विद्यापीठः** वि.सं. २००९ मा स्व. श्री ५ त्रिभुवनबाट "राजकीय संस्कृत महाविद्यालय" को नामले समुद्घाटन भएको यो विद्यापीठ वि.सं. २०३० पछि प्रदर्शनीमार्गस्थित हालको नयाँ भवनमा सरेको हो । काठमाडौं स्थित ऐतिहासिक तीनधारा संस्कृत छात्रावास पनि यसै विद्यापीठ अन्तर्गत संचालित रहेको छ र राष्ट्रिय शिक्षा समितिको निर्देशनमा रानीपोखरी संस्कृत प्रधानपाठशालाको रेखदेख पनि यसै विद्यापीठले गर्दै आएको छ ।

यस विद्यापीठमा स्नातकोत्तर तहसम्मको अध्ययन-अध्यापन हुन्छ । उत्तरमध्यमा तहमा "क" वर्गीय विषयको रुपमा शुक्लयजुर्वेद, नव्यव्याकरण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्य, न्याय एवं ज्योतिष र "ख" वर्गीय विषयको रुपमा अर्थशास्त्र, राजनीतिशास्त्र, गणित, अंग्रेजी र नेपाली विषयहरुको अध्ययन-अध्यापन हुने गर्दछ।

यस्तै शास्त्री तहमा 'क' वर्गीय विषयको रुपमा शुक्लयजुर्वेद, नव्यव्याकरण, सिद्धान्तज्यौतिष, साहित्य, नव्यन्याय, प्राचीनन्याय-वैशेषिक, धर्मशास्त्र, सर्वदर्शन, वेदान्त, पूर्वमीमांसा र इतिहासपुराण गरी एघार विषयहरुको पढाइ हुन्छ । 'ख' वर्गीय विषयहरुको शास्त्री तहमा पनि उत्तरमध्यमा तह अनुसार नै पठनपाठन हुन्छ। शास्त्री तहमा अध्ययन-अध्यापन हुने सबै 'क' वर्गीय विषयहरुमा आचार्य तहको पनि पढाई हुने गर्दछ। आफ्नै शिक्षण-भवन, पुस्तकालय र छात्रावास समेत भएको यस विद्यापीठको नाममा २२-१२-३ रोपनी जमिन रहेको छ।

३) **पिण्डेश्वर विद्यापीठः** पिण्डेश्वर संस्कृत महाविद्यालयको नामले धरानको विजयपुरमा वि.सं. २००८ को मार्गमा जनस्तरमा स्थापित यस विद्यापीठले वि.सं. २०२६ मा त्रि.वि. बाट सम्बन्धन प्राप्त गरेको हो। म.सं.वि. को स्थापनापछि "पिण्डेश्वर विद्यापीठ" को नाममा परिणत भएको यस विद्यापीठमा हाल शास्त्री तहसम्म मात्र पढाई हुन्छ र मूल विषयको रुपमा शुक्लयजुर्वेद, नव्यव्याकरण, न्याय एवं साहित्य र 'ख' वर्गीय विषयको रुपमा अर्थशास्त्र, राजनीतिशास्त्र र नेपालीको समेत पढाई हुने व्यवस्था रहेको छ। आफ्नै शिक्षण भवन र छात्रावास समेत भएको यस विद्यापीठमा हाल १८-१३-८ विगाहा जमिन रहेको छ।

४) **जनता-विद्यापीठः** वि.सं. २००८ मा जनता महाविद्यालयको नामले दाङको बिजौरीमा निजी स्तरमा यस विद्यापीठको स्थापना भएको हो। वि.सं. २०३० देखि संस्कृत अध्ययन संस्थान अन्तर्गत "जनता क्याम्पस" को नामले संचालन हुन प्रारम्भ भएको यो विद्यापीठ म.सं.वि. को स्थापनापछि "जनता विद्यापीठ" मा परिणत हुन आएको छ।

यस विद्यापीठमा हाल स्नातक तहसम्मको पढाई हुन्छ । 'क' वर्गीय विषयको रुपमा नव्यव्याकरण, न्याय, साहित्य, धर्मशास्त्र र सिद्धान्तज्यौतिषको पढाई हुन्छ भने 'ख' वर्गीय विषयको रुपमा अर्थशास्त्र, राजनीतिशास्त्र र नेपालीको पठनपाठन हुने गर्दछ । ५-११-१४ विगाहा जमिन भएको यस विद्यापीठको आफ्नै शिक्षण भवन छ र छात्रहरुको निमित्त छात्रावासको सुविधा पनि उपलब्ध रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५) याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठः जनकपुरको याज्ञवल्क्य संस्कृत महाविद्यालय र महोत्तरी मटिहानीको लक्ष्मीनारायण महाविद्यालयलाई मिलाएर वि.सं. २०३० -मा मटिहानीमा "याज्ञवल्क्य लक्ष्मीनारायण क्याम्पस" को नामले यसको संचालन शुरु गरिएको हो । म.सं.वि. को स्थापनापछि "याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ" को रुपमा परिणत हुन आएको यस विद्यापीठमा हाल स्नातक तहसम्म पढाई हुन्छ । 'क' वर्गीय विषयको रुपमा यहाँ शुक्लयजुर्वेद, नव्यव्याकरण, नव्यन्याय, साहित्य र सिद्धान्तज्यौतिष विषय र 'ख' वर्गीय विषयको रुपमा अर्थशास्त्र, राजनीतिशास्त्र, नेपाली, हिन्दी र मैथिली विषयहरुको अध्ययन-अध्यापन हुने गर्दछ । आफ्नै छात्रावास भएको यस विद्यापीठको संरक्षणमा हाल १७-११-१४ विगाहा जमिन रहदै आएको छ ।

६) रुरु संस्कृत विद्यापीठः गुल्मी जिल्लामा कालीगण्डकीको पावन तटमा रहेको रुरु क्षेत्र (रिडी) मा यस विद्यापीठको अवस्थिति रहेको छ । यस विद्यापीठमा हाल उत्तरमध्यमा र शास्त्री तहको पढाई हुन्छ । 'क' वर्गीय विषयको रुपमा यहाँ नव्यव्याकरण, एवं साहित्य र 'ख' वर्गीय विषयको रुपमा अर्थशास्त्र र नेपालीको अध्ययन-अध्यापन हुने गरेको छ । स्थानीय जनताहरुको सहयोगबाट यस विद्यापीठले ३१ रोपनी जग्गाको व्यवस्था गरेको भए पनि आफ्नो अलग शिक्षण भवन नभएकोले स्थानीय संस्कृत माध्यमिक विद्यालयको भवनमा नै प्रातःकालिक कक्षाहरु संचालन गर्दै आइएकोमा हाल आफ्नै शिक्षण भवनको निर्माणकार्यको थालनी समेत भैसकेको छ ।

७) हजारी जनक विद्यापीठः जनकपुर जस्तो पावन तीर्थस्थलमा संस्कृतको एउटा सामान्य विद्यापीठसम्म पनि नहुनु राष्ट्रिय दृष्टिले ज्यादै नै संकोचको विषय बन्दै आएको थियो । यसै स्थितिमा संस्कृत शिक्षाप्रति अनुराग राख्ने त्यहाँका स्थानीय सामाजिक कार्यकर्ताहरुमा उत्साह जागेको र यसै क्रममा स्थानीय हजारी साहुले विद्यापीठ-भवनको निर्माणको निमित्त एकमुष्ट रु. ५,००,१०१।- प्रदान गर्नु भएको, अन्य श्रद्धालु महानुभावहरुबाट पनि विद्यापीठको निमित्त चन्दाको राम्रो आश्वासन प्राप्त भएको र अधिराज्यमा आफ्ना विद्यापीठहरु विस्तार गर्दै जाने यस विश्वविद्यालयको लक्ष्य पनि भएकोले वि.सं. २०४७ मा "हजारी जनक विद्यापीठ" को नामले यस विद्यापीठको समुद्घाटन भएको हो । स्थानीय ज्ञानकूपमा हाल यो विद्यापीठ संचालित रहेको छ । यहाँ 'क' वर्गीय विषयको रुपमा व्याकरण, साहित्य एवं ज्यौतिष र 'ख'वर्गीय विषयको रुपमा राजनीतिशास्त्र, अर्थशास्त्र, नेपाली र मैथिली विषयको पठनपाठन संचालित रहेकों छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८) शारदा विद्यापीठः सुदूर पश्चिमाञ्चल विकासक्षेत्रको कञ्चनपुर जिल्ला महेन्द्रनगर नगरपालिकामा रहेको यस विद्यापीठमा हाल उत्तरमध्यमा तहको मात्र पढाई संचालित रहेको छ । यहाँ ऐच्छिक 'क' वर्गीय विषयको रुपमा व्याकरण, एवं साहित्य र 'ख' वर्गीय विषयको रुपमा नेपाली विषयको पढाई हुन्छ । आफ्नै शिक्षण-भवन भएको यस विद्यापीठको स्वामित्वमा नगरपालिका क्षेत्रमा हाल ७-१५-० विगाहा जमिन रहेको छ ।

------oooo------

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट -१

नेपालमा संस्कृत शिक्षा

नेपालमा संस्कृत-शिक्षाको अध्ययन-परम्परा निकै पुरानो देखिन्छ । प्राचीन कालदेखि नै यहाँ संस्कृत शिक्षाको पठन पाठन व्यापकरुपमा प्रचलित रहेको थियो भन्ने कुरालाई लिच्छविकालमा पाइने नेपालका सम्पूर्ण अभिलेखहरु संस्कृत भाषामा मात्र पाइनुले पनि प्रवलरुपमा पुष्टि गरेको छ । मल्लकालमा पनि संस्कृत भाषाको व्यापक प्रचलन रहेको पाइन्छ । इतिहासकालमा पछिसम्म पनि नेपालीहरु संस्कृतलाई श्रद्धापूर्वक अध्ययन गर्ने गर्दथे भन्ने यथार्थ पनि सर्वविदितै रहेको छ । यसैले संक्षेपमा भन्ने हो भने केही दशक अघिसम्म पनि नेपालमा अध्ययन गर्नु भन्नाले संस्कृत विद्याको अध्ययन गर्नुलाई र विद्वान् भन्नाले संस्कृत शिक्षाका विद्वान्हरुलाई नै सम्झिइन्थ्यो भन्ने कुरामा कसैको पनि दुई मत रहेको छैन ।

संस्थागत रुपमा संस्कृत विद्यालयको विकास क्रमको इतिहास भने थाहा पाइएसम्म त्यति पुरानो छैन । वि.सं. १९३२ भन्दा केही वर्ष अघि नै रानजधानी काठमाडौंमा एउटा संस्कृत पाठशाला खुलिसकेको र पछि यसले रानीपोखरी संस्कृत प्रधान पाठशालाको नामले वि.सं. १९३४ मा राजकीय विद्यालयको रुप ग्रहण गरेको देखिन्छ । वि.सं. १९३२ मा भोजपुर जिल्लाको दिङ्लामा पनि अर्को संस्कृत पाठशालाको स्थापना भएको थियो । यस्तै वि.सं. १९४२ तिर राजधानीमा नै तीनधारा संस्कृत छात्रावासको स्थापना भयो । संस्कृत शिक्षाको प्रचार प्रसारमा यी संस्थाहरुले गरेको योगदान प्रसिद्ध रहेको छ । पछि जकपुर, मटिहानी, रिडी, कलैया, तौलिहवा, पोखरा, पाल्पा, दाङ, अर्घाखाँची आदि ठाउँहरुमा पनि संस्थागत रुपमा संस्कृतका विद्यालयहरु क्रमशः खुल्दै गए ।

वि.सं. १९५८ मा सरकारले एकै पटक ७५ वटा भाषा पाठशालाहरु खोलिदिएपछि नेपालमा संस्थागत रुपमा संस्कृत शिक्षाको प्रचार प्रसारमा थप सघाउ पुगेको देखिन्छ । यस्ता भाषा पाठशालाहरु र संस्कृत पाठशालाहरु पछि अरु अरु पनि थपिदै गए । वि.सं. २०१० सम्म अधिराज्यमा यिनको संख्या २३३ पुगेको पाइन्छ । यो संख्या नेपालमा तत्काल प्रचलित अन्य साधारण विद्यालयको तुलनामा संख्यात्मक एवं गुणात्मक दुबै दृष्टिले निकै सबल थियो र नेपालमा संस्कृत शिक्षा एक प्रकारले पूर्ण प्रौढतामा पुगिरहेको थियो । तर राष्ट्रिय शिक्षा योजना आयोग (२०११) को सिफारिश लागू गर्ने सन्दर्भमा वि.सं. २०११ मा निम्नमाध्यमिक र प्राथमिक तहका यस्ता सबै शिक्षणसंस्थाहरु एकै पटक बन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिए । यसबाट संस्कृत शिक्षामाथि ठूलो आघात परेको अनुभव भयो । यसको क्षतिपूर्ति आजसम्म हुन सकिरहेको छैन ।

पछि शिक्षाको क्षेत्रमा सुधार गर्ने उद्देश्यले राष्ट्रिय तहका अनेक समिति र परिषद्हरु गठन भए, सुझावहरु पेश गरिए, तर संस्कृत शिक्षामा भने उल्लेखनीय परिवर्तन आउन सकेन । राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-०३२) ले संस्कृत शिक्षाको महत्त्वलाई औंल्याउँदै वि.सं. २०३० मा त्रिभुवन विश्वविद्यालय अन्तर्गत छुट्टै संस्कृत अध्ययन संस्थानको स्थापना गरायो, तर यसै योजनाद्वारा साधारण शिक्षातर्फ रहँदै आएको अनिवार्य संस्कृतलाई हटाइदिएको र संस्कृत माध्यमिक विद्यालयहरुलाई कक्षा ८ देखि मात्र संचालन गर्ने अनुमति प्रदान गरेकोले संस्कृत माध्यमिक विद्यालयहरु राम्रोसँग संचालित हुन नसकी विद्यार्थीहरुको पर्याप्त स्रोत उपलब्ध नहुँदा उच्चशिक्षाको क्षेत्रमा गरिएको व्यवस्था पनि अपेक्षित मात्रामा उपलब्धिमूलक हुन सकेन ।

एउटा सामान्य पाठशालाको रुपमा स्थापना भएको रानीपोखरी संस्कृत प्रधान पाठशालाले वि.सं. १९५५ देखि परीक्षा प्रणाली अनुसार पठन पाठन संचालन गर्न शुरु गरेको र सम्पूर्ण मध्यमा तहसम्म आफ्ना छात्रहरुलाई परीक्षाको निमित्त भारतमा बनारसको गभर्नमेण्ट संस्कृत कलेजमा अनौपचारिक रुपमा पठाउन प्रारम्भ गरेको पाइन्छ । वि.सं. १९७३ देखि यस पाठशालामा सम्पूर्ण मध्यमाभन्दा माथिका कक्षाहरु पनि अनौपचारिक रुपमा संचालित हुन थाले र शास्त्री र आचार्य तहका छात्रहरुलाई पनि परीक्षाको निमित्त बनारसतर्फ पठाउने क्रम चल्न थाल्यो ।

आचार्य तहसम्मको नै पढाइ संचालन गर्ने उद्देश्य अनुसार यद्यपि वि.सं. १९९० मा नै यस पाठशालामा एकै पटक धेरै विषयका शिक्षकहरु नियुक्त भएका देखिन्छन्, तर औपचारिक रुपमा महाविद्यालयको स्तर भने यस विद्यालयले अझै प्राप्त गर्न सकेन । इतिहास र भूगोल जस्ता सामाजिक विषयहरुको अध्ययनको निमित्त त 'जयतु संस्कृतम्' आन्दोलन गर्नुपर्ने त्यस जमानामा महाविद्यालयको स्थापना सहजरुपमा होओस् पनि कसरी ? तैपनि संस्कृत शिक्षाले नेपालमा आफ्नो वर्चस्व भने कायमै राखेको थियो ।

प्रजातन्त्रोत्तर नेपालमा संस्कृतमा उच्च शिक्षाको निमित्त एउटा लहर नै चलेको पाइन्छ । यसै क्रममा सरकारी स्तरमा रानीपोखरी प्रधान पाठशालामा वि.सं. २००८ सालदेखि नै औपचारिक रुपमा शास्त्री र आचार्यका कक्षाहरु संचालित हुन थालेका थिए । तर राजकीय संस्कृत महाविद्यालयको रुपमा यसको विधिपूर्वक उद्घाटन भने वि.सं. २००९ को ज्येष्ठ ३१ गतेमा मात्र हुन सकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ । यही महाविद्यालय वि.सं. २०२४ मा वाल्मीकि संस्कृत महाविद्यालयको नाममा परिवर्तित भयो र राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि वि.सं. २०३० देखि यसले वाल्मीकि क्याम्पसको नाम ग्रहण गरेको पाइन्छ । यस्तै वि.सं. २००८ मा नै पूर्वाञ्चलको धरानमा र पश्चिमाञ्चलको दाङमा जनस्तरमा संस्कृतका दुई अलग अलग महाविद्यालय खुलेका थिए । यसै लहरमा धनुषाको ज्ञानकूपमा र महोत्तरीको मटिहानीमा पनि संस्कृतका महाविद्यालयहरु खुले । यसै क्रममा अन्य केही संस्कृत माध्यमिक विद्यालयहरु पनि महाविद्यालयमा परिणत हुन जुर्मुराउन थालिरहेका थिए । तर यस्ता विद्यालयहरुले तत्कालमा अपेक्षित सहयोग प्राप्त गर्न सकेनन् र उनीहरुको उत्साह त्यत्तिकै विलीन भएको देखिन्छ ।

नेपालमा त्रिभुवन विश्वविद्यालयको स्थापना नभएसम्म संस्कृत शिक्षाका पढाई र परीक्षाहरु सबै भारतीय शिक्षण संस्थाहरुसँग सम्बद्ध थिए । धरान, काठमाडौं र दाङका महाविद्यालयहरुका पढाइ र परीक्षाहरु बनारसको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयसँग सम्बद्ध थिए भने जनकपुर र महोत्तरी भेगका महाविद्यालयहरु नजिकमा रहेको दरभङ्गा संस्कृत विश्वविद्यालयसँग सम्बद्ध थिए । तर त्रिभुवन विश्वविद्यालयको स्थापनापछि वि.सं. २०१८ देखि संस्कृत शिक्षाका उच्च तहका पढाइ र परीक्षाहरु त्रिभुवन विश्वविद्यालयसँग नै सम्बद्ध भए र नेपालका मान्यताप्राप्त सबै संस्कृत महाविद्यालयहरु त्रि.वि. कै नियन्त्रणमा संचालित हुन थाले ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि वि.सं. २०३० मा संस्कृत उच्चशिक्षाको व्यवस्थाको निमित्त त्रि.वि. अन्तर्गत संस्कृत अध्ययन संस्थानको नामले छुट्टै शैक्षिक निकायको गठन भयो । यस व्यवस्था अन्तर्गत संस्थानका प्रमुखको रुपमा 'डीन' पदको व्यवस्था गरियो र डीनको कार्यालय राप्ती अंचलको दाङ जिल्लामा तोकियो । यसबाट संस्कृत शिक्षालाई स्वायत्तता दिने केही प्रयास त अवश्य भयो तर स्वतन्त्र शैक्षिक निकायको नियन्त्रणमा संस्कृतमा उच्चशिक्षाको विकास गर्ने संस्कृत शिक्षा प्रेमीहरुको आकांक्षा भने यसबाट अझै पूर्ति हुन सकेन ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुअघि अधिराज्यमा पाँचवटा संस्कृत महाविद्यालयहरु संचालित थिए । यस्तै वि.सं. २०२२ देखि अधिराज्यमा आचार्य तहका सम्पूर्ण कक्षाहरु त्रि.वि. कलेज कीर्तिपुरमा संचालित हुँदै आएका थिए । राष्ट्रिय शिक्षापद्धतिको योजना लागू भएपछि जनकपुर र मटिहानीका महाविद्यालयहरु गाभिएर मटिहानीमा 'याज्ञवल्य लक्ष्मीनारायण क्याम्पस' को व्यवस्था भयो र आचार्य तहका कक्षाहरु कीर्तिपुरबाट स्थानान्तरित गरी वाल्मीकि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्याम्पसमा सञ्चालित हुनथाले । संस्कृत अध्ययन संस्थानले विद्यावारिधिको कार्यक्रम संचालन गर्न आरम्भ गरे पनि त्यो जगविनाको महल साबित भयो । पछि वि.सं. २०३९ मा दाङको बेलझुण्डीमा नै स्नातकोत्तर तहको केन्द्रीय क्याम्पसको स्थापना भयो, तर पर्याप्त छात्रस्रोत उपलब्ध नहुँदा यस क्याम्पसको पनि अपेक्षितरुपमा विस्तार हुन सकेन ।

उपर्युक्त सबै वस्तुस्थितिले गर्दा संस्कृतमा उच्च शिक्षाको विकास र विस्तारको निमित्त स्वतन्त्र निकायको रुपमा छुट्टै विश्वविद्यालयको व्यवस्था हुनु पर्दछ भन्ने संस्कृत शिक्षाप्रेमीहरुको आकांक्षा अझै विकसित हुँदै गयो र संस्कृत शिक्षाका शुभचिन्तकहरु संस्कृत विश्वविद्यालयको स्थापनाको निमित्त प्रतीक्षारत रही नै रहे । अन्ततोगत्वा ढीलै भए पनि संस्कृत शिक्षाप्रेमीहरुको आकांक्षालाई परिपूर्ति गर्दै वि.सं. २०४३ मा यस विश्वविद्यालयको जन्म भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट २

विश्वविद्यालयका शिक्षक कर्मचारी दरबन्दीहरु

सि.नं.	पद	संख्या
१.	कार्यकारी निर्देशक	१
२.	प्राध्यापक	१४
३.	सहप्राध्यापक	४६
४.	उपप्राध्यापक	५८
५.	सहायक प्राध्यापक	६९
६.	प्रशिक्षक	२
		१९०
७.	उपकुलपतिको सल्लाहकार	२
८.	सहप्रशासक	३
९.	उपप्रशासक	१०
१०.	सहायक प्रशासक	३०
११.	अन्य	२०७
		२५२
		४४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र संस्कृत विश्वविद्यालय (चित्र नं. १)



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu